# इम्जाको झस्को



मन्जु ज्ञवाली

# इम्जाको झस्को



मन्जु ज्ञवाली



## मञ्जु ज्ञवाली

मञ्जु ज्ञवाली (जन्म इ.सं.१९७६) का बालसाहित्यका चारवटा पुस्तक प्रकाशित छन् । बालचित्रकथाका तीनवटा र एउटा बालकथा सङ्ग्रह प्रकाशित भैसकेका छन् भने संयुक्त रूपमा प्रकाशित पुस्तकहरूमा उहाँका थुप्रै कथाहरू समावेश भएका छन् । यसका साथै विभिन्न पत्रपत्रिकामा उहाँका बालकथाहरू प्रकाशित भएका छन् । उहाँ शिक्षण पेशा तथा समाजसेवामा लाग्नु भएको छ । कवि लेखनाथ ज्ञवाली स्मृति प्रतिष्ठान, बालवाङ्मय तथा अनुसन्धान केन्द्र, नेपाल बालसाहित्य समाज, सामुदायिक बालविकास पुस्तकालयमा उहाँ संलग्न हुनुहुन्छ । उहाँ नेपाली बालसाहित्यको समृद्धि र विकासका लागि बालकथा लेखन र प्रशिक्षणमा पनि सक्रिय हुनुहुन्छ ।

**इम्जाको झस्को**

वातावरणीय बालकथा सङ्ग्रह

कथाकार : मन्जु ज्ञवाली

चित्रकार : पल्पसा मानन्धर, अर्पिता शाक्य

सम्पादन : विनय कुमार कसजू

भाषा सम्पादन : प्रमोद प्रधान

कला संयोजन : एकाराम सिंह

प्रकाशक : बालवाङ्मय तथा अनुसन्धान केन्द्र, काठमाडौँ

सहयोगी निकाय : जल तथा मौसम विज्ञान विभाग/नेपाल सरकार, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यु.एन.डी.पी.) तथा विश्वव्यापी वातावरणीय सहुलियत

प्रकाशन मिति : २०७५ (सन् २०१८)

डिजाइन : वर्ल्डवाइड प्रिन्ट्र सोलुसन, ०१-५५५०२८९, wpsnepal@gmail.com

मुद्रण : स्पर्श प्रिन्टर्स, ललितपुर, ०१५१५१६४४

# भूमिका

वातावरण विनाशले पृथ्वी र यहाँ बस्ने जीवजन्तुलाई धेरै प्रकारले प्रभाव पार्दै छ । विभिन्न ठाउँको जलवायुमा परिवर्तन आएको छ । जाडो ठाउँमा गर्मी बढेको छ । पानी नपर्ने ठाउँमा पानी पर्न थालेको छ । हिमालमा हिउँ र हिमनदी पग्लेर एकातिर बाढी आउने र अर्कोतिर नदीनाला सुक्ने खतरा बढेको छ । जीवजन्तु र बनस्पतिको सन्तुलन बिग्रँदै छ । वन्य पशुपंछीको वासस्थान उजाडिँदै छ । जीव जनावर मानव तथा बोट बिरुवामा विभिन्न प्रकारका रोगका कीटाणुको संक्रमण बढ्दो छ । मानव जातिको अस्तित्वमाथि नै खतरा आउने सम्भावना बढ्दै छ । यसैले वातावरणमा जलवायु पवितृनको असर विश्वकै चासोको विषय बनेको छ ।

वातावरण संरक्षणको महत्व नबुझ्नाले वा यसबारे हेलचेक्र्याइँ गर्नाले मानिसले वातावरण बिग्रने, बिगार्ने काम आफै गर्दै छ । बन जङ्गल विनाश हुँदै छ । बाढी, पहिरो, भूक्षय र मरुभूमीकरण तीव्र रूपमा भइरहेको छ । धुलो, धुवाँ र विभिन्न प्रकारका ग्यासबाट वायुमण्डल दूषित हुँदै छ । प्लास्टिक तथा विभिन्न प्रकारका विषाक्त पदार्थले खोलानाला र जमिनभित्रको पानी समेत प्रदूषित हुँदै छ । चाँडै पैसा कमाउन लोभमा फसेर कृषि उत्पादन र औद्योगिक उत्पादनमा रासायनिक तथा विषालु पदार्थको मिसावट बढिरहेको छ । वातावरण कसरी जोगाउने भन्ने बेलामै बुझेनौँ र यसको लागि प्रयास थालेनौँ भने मानिसले पछुताउनु पर्ने छ । यसैले वातावरण शिक्षा सबैका लागि महत्वपूर्ण भएको छ ।

वातावरण शिक्षाले हामीलाई हाम्रो वरिपरिको संसारसँग जोड्छ र हामीलाई प्राकृतिक तथा मानिसले बनाएको वातावरणका बारेमा सिकाउँछ । यसले हामीसँग सरोकार राख्ने, हामी निर्भर रहेको तथा हामीलाई धेरै प्रभाव पार्ने वातावरणीय विषयका बारेमा हामीलाई सचेत बनाउँछ । अनि वातावरण जोगाउने र सपार्ने उपायहरूका बारेमा सिकाउँछ ।

वातावरण शिक्षाको व्यक्तिगत फाइदा पनि छ । यसले विद्यार्थीहरूलाई आलोचनात्मक तथा विश्लेषणात्मक दृष्टिले सोच्न र कुनै काम वा कुरा किन हुन्छ भन्ने खोज, अनुसन्धान गर्न प्रेरित गर्छ र वातावरणका अप्ठ्यारा समस्याहरूमा पनि आफै निर्णय गर्न सघाउँछ । उनीहरूलाई सिर्जनशील बनाउँछ । वातावरण शिक्षाले बालबालिकालाई प्रकृतिको नजिकै लैजान्छ र प्रकृतिलाई बुझ्न र प्रकृतिसँग मिलेर काम गर्न प्रेरित गर्छ । वातावरण शिक्षाले बालबालिकालाई स्वस्थकर जीवनशैली अपनाउन सघाउँछ । खाने बानीमा सुधार गर्न, सन्तुलित आहारप्रति सचेत हुन र जीवन बाँच्ने स्वस्थ तरिका सिकाउँछ ।

वातावरण शिक्षा हामीले कक्षा कोठाभित्र, पुस्तक पत्रिकामा वा प्रकृतिको खुला किताबबाट पनि पाउन सक्छौँ । यसबाट विद्यार्थी, समाज, देश र विश्वलाई नै फाइदा हुन सक्छ । वातावरण संरक्षणको सक्रिय कार्यकर्ता वा अगुवा (हिरो) हुनु भनेको यो विश्वको लागि कति ठूलो योगदान हो भन्ने कुरा बालबालिकाले सानैदेखि बुझे भने वातावरण संरक्षणका क्षेत्रमा देश र समाजका लागि मात्रै हैन विश्वकै लागि ठूलो योगदान हुने छ । यसैले बालबालिकालाई वातावरण शिक्षाको विशेष महत्व छ ।

वातावरण शिक्षाका लागि ज्ञान विज्ञानका पुस्तकका तुलनामा कथाका माध्यम बढी प्रभावकारी हुन्छ । नेपालमा बालबालिकालाई वातावरण शिक्षा दिने पुस्तकहरू ज्ञान विज्ञान वा जानकारी मूलक पुस्तकका रूपमा पाइन्छन्, तर कथा वा आख्यानको माध्यमबाट वातावरण शिक्षा दिने पुस्तकहरू साह्रै थोरै छन् । वातावरणीय बालकथाको अभाव पूरा गर्दै कथाको माध्यमबाट रमाइलो तरिकाले वातावरण तथा जलवायु परिवर्तनका विभिन्न समस्या, असर र समाधानका उपायका बारेमा पुस्तक तयार पार्ने प्रयासको फलस्वरूप यो पुस्तक तयार पारिएको हो ।

यसमा अनन्त वाग्लेको 'लिटिल डायनो', गङ्गादेवी कसजूको 'नागदहका माछा', प्रमोद प्रधानको 'खैरो बकुल्ला', मन्जु ज्ञवालीको 'इम्जाको झस्को' र विजयराज आचार्यको 'रङ्गीन विष' शीर्षक पाँच पुस्तक तयार पारिएका छन् । प्रत्येक पुस्तकमा पाँचपाँच वटा कथा छन् । सबै कथाहरू मुख्य रूपमा माध्यिमक तहका विद्यार्थीहरूलाई लक्षित गरी तयार पारिएको छ ।

यी पुस्तक नेपाल सरकार, संयुक्त राष्ट्र विकास कार्यक्रम (यूएनडीपी), अतिकम विकसित राष्ट्रहरूको लागि कोष/विश्वव्यापी वातावरणीय सहुलियत (जिईएफ) – समुदायमा आधारित बाढी तथा हिमताल विस्फोटन जोखिम न्यूनीकरण आयोजनाको संयुक्त प्रयासमा तयार पारिएको हो । वातावरणीय विषयमा कथा लेखन कार्यशाला संचालनदेखि पुस्तकको लेखन, सम्पादन तथा प्रकाशनको जिम्मा दिएकोमा बालवाङ्मय तथा अनुसन्धान केन्द्र सबै सम्बन्धित निकायहरूप्रति हार्दिक धन्यवाद दिन चाहन्छ । साथै प्रशिक्षक तथा सम्पादक विनयकुमार कसजू, भाषा सम्पादक प्रमोद प्रधान, चित्र संयोजक कलाकार एकाराम सिंह, चित्रकारहरू युवक श्रेष्ठ, रवीन्द्र मानन्धर, पल्पसा मान्धर र अर्पिता शाक्य तथा पाँचै जना लेखकहरूलाई धेरै धन्यवाद ।

**बालवाङ्मय तथा अनुसन्धान केन्द्र**

# प्राक्कथन

समुदायमा आधारित बाढी तथा हिमताल विष्फोटन जोखिम न्यूनीकरण आयोजना नेपाल सरकारको उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय अन्तरगतको जल तथा मौसम विज्ञान विभाग, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) तथा अतिकम विकसित राष्ट्रहरूको लागि कोष (एलडीसीएफ)/विश्व वातावरणीय सहुलियत (जीईएफ) को संयुक्त तत्वावधानमा सञ्चालित आयोजना हो । यस आयोजनाले नेपालको सबैभन्दा नाजुक अवस्थामा रहेको खम्बु क्षेत्रको इम्जा हिमताल विस्फोटनको आसन्न त्रासलाई न्यूनीकरण गर्न महत्तवपूर्ण योगदान पुऱ्याएको छ । साथै यसले नेपालको तराईका सबैभन्दा अतिसंवेदनशील चार जिल्लाहरूमा बारम्बार आइरहने बाढीको खतरा सामना गर्न समुदायको क्षमता अभिवृद्धि काममा सहयोग गरेको छ ।

कार्यान्वयनको समयमा आयोजनाले समुदायसँग मिलेर प्रकोपजन्य जोखिमका प्रभावहरू, जोखिमबाट बच्न गरिने पूर्व तयारी तथा जोखिम न्यूनीकरणका लागि क्षमता अभिवृद्धि गर्ने जस्ता विषयमा व्यापक अनुभव र ज्ञान संगालेको छ । आयोजनाले यस्ता केही मुख्य सिकाइहरूको राम्ररी अभिलेखन गरी सरोकारवालाहरूलाई त्यसको बारेमा सुसूचित गरेको छ ।

यसै सन्दर्भमा जलवायु परिवर्तन तथा वातावरणको हाम्रो जीवनमा पर्ने प्रभाव तथा त्यसलाई न्यूनीकरण गर्ने उपायहरूका बारेमा माध्यमिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूलाई बुझाउन सघाउने केही शैक्षिक सामग्री तयार पार्ने लक्ष्य रहेको थियो ।

तदनुरूप आयोजनाले हाल माध्यमिक तहका विद्यालयमा अध्ययन गरिरहेका बालबालिकाहरूका लागि सरल रूपमा वातावरणका विविध पक्ष र जलवायु परिवर्तनका असरहरूका बारेमा शिक्षित गर्ने उद्देश्यले विभिन्न पाँच भागमा कथाहरूको संग्रह प्रकाशित गरेको छ ।

यी कथाहरूले बालबालिकाहरूलाई जीव, जलवायु र वातावरणको अन्तर सम्बन्धको बारेमा सोच्न प्रोत्साहित गर्ने छ र भविष्यको लागि वातावरण जोगाउन प्रेरणा दिने छ भन्ने हाम्रो विश्वास छ ।


यी कथाहरू तयार पार्न तथा पुस्तकहरू छाप्न र वितरण गर्न अथक सहयोग पुऱ्याएकोमा बालवाङ्मय तथा अनुसन्धान केन्द्र (सीएलआरसी) लाई हामी सहृदय धन्यवाद दिन्छौँ ।

डा. ऋषिराम शर्मा
महानिर्देशक
जल तथा मौसम विज्ञान विभाग
उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय

विजय प्रसाद सिंह
सहायक राष्ट्रिय निर्देशक
संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम
(यु.एन.डी.पी.), नेपाल

# विषय सूची


| | |
|---|---|
| बकुल्लाहरूको बसाइँ | १ |
| पृथ्वीको सिरक | ७ |
| जिज्ञासु विपुल | १४ |
| कमलको सङ्कल्प | २१ |
| इम्जाको झस्को | २८ |
| परिशिष्ट | |
| १. पृथ्वीका संसाधन र तिनको संरक्षण | ३४ |
| २. पारिभाषिक शब्दावली | ३७ |



# बकुल्लाहरूको बसाइँ

“आमा भोक लाग्यो । म खोलामा जान्छु है ?” तिखुले बकुल्लाले भन्यो ।

“किन जाने ? अचेल खोलामा माछा छैनन् । पानी कति फोहोर छ ! नजाऊ । म बनमा जान्छु । त्यहाँको पोखरीबाट माछा र गँगटा लिएर आउँछु । तिमी कतै ननिस्क । घरमा बस,” तिखुलेकी आमाले भनी र वनतिर उडी ।

तिखुले धेरै भोकाएको थियो । यसैले ऊ बिस्तारै खोलामा गयो । खोलामा उसले झिलिमिली टल्कने प्लास्टिकका प्याकेट र बोतलहरू बग्दै आएको देख्यो । केही पर मरेको कुकुर फालिएको पनि देख्यो । पानीभित्र खानेकुरा पाइन्छ कि भने ऊ बिस्तारै पानीमा गयो ।

पानीभित्र उसले गँड्यौला जस्ता लामा वस्तु ढुङ्गाको कापमा अड्केको देख्यो ।

“आहा गँड्यौला !” भन्दै तिखुले आफ्नो लामो घाँटी पानीमा घुसाऱ्यो । उसले गँड्यौलाजस्ता खानेकुरा भेट्टायो । उसले मुखभरि ती खानेकुरा लियो र खोलाको बगरमा आयो । अनि उसले हतार गर्दै खान थाल्यो ।

बगरमा अरू पनि बकुल्ला खानेकुरा खोजिरहेका थिए । तिखुलेले खानेकुरा खाएको देखेर उसका केही साथीहरू उसको नजिकै गए ।

"ए के खाएको त्यो ?" एउटा बकुल्ला टाढैबाट चिच्यायो ।

"छि ! त्यो त कुहेको चाउचाउजस्तो छ । नखाऊ बिसन्चो होला," अर्को बकुल्लाले भन्यो ।

"मैले खाएकोमा डाहा नगर । खान मन लागे खोलामा जाऊ । त्यहाँ यस्तो खानेकुरा थुप्रै छ," तिखुलेले भन्यो ।

"खोलामा चाउचाउका पोकाहरू बगेको देखेको थिएँ । यसले त्यही खाएछ !" अर्को बकुल्लाले भन्यो । "त्यस्तो फोहोर कुरा नखाऊ ।"

तर तिखुलेले साथीहरूको कुरा मानेन । उसले चाउचाउ कपाकप खायो र घरतिर लाग्यो । उसका साथीहरू 'छि, कस्तो गन्हाएको !' भन्दै पर पर गए ।

घर पुग्ने बित्तिकै तिखुलेलाई वाकवाकी लाग्न थाल्यो । उसको पेट मडारियो । 'ऐया आमा, मरेँ नि !' भन्दै छटपटाउन थाल्यो ।

त्यही बेला तिखुलेकी आमाले भ्यागुता र गँगटा लिएर आइपुगी । उसले तिखुले छट्पटाएर भुइँमा लडिबुडी गरिरहेको देखी । ऊ आत्तिँदै कराउन थाली, "लौ न मेरो तिखुलेलाई के भयो ...... !"

तिखुलेकी आमा कराएको सुनेर वरपरबाट बकुल्लाहरू हेर्न आए ।

"मेरी छोरीलाई पनि झाडा पखाला लागेको छ । पेट दुखेर छटपटाएकी छे," अर्को बकुल्लाले भन्यो ।

"मेरो साने पनि झाडा पखालाले थलिएर उभिन सकेको छैन । तीन दिन भैसक्यो," अर्कोले भन्यो ।




कुरा गर्दागर्दै त्यहाँ धेरै बकुल्ला जम्मा भए । बकुल्लाहरूको बस्तीको सबैभन्दा बूढो बकुल्ला पनि त्यहाँ आइपुग्यो ।

बूढा बकुल्लालाई देखेर ठिटा बकुल्लाहरूले अनेक कुरा सोध्न थाले । एउटा बकुल्लाले सोध्यो, "अब यो खोलामा माछा त के गँगटा पनि पाइन छाड्यो । यस्तो ठाउँमा किन बस्ने ?"

"बूढाबा, जङ्गलको त्यस्तो रमाइलो बस्ती छाडेर किन हाम्रा हजुरबाहरू यहाँ सरेका होलान् ?" अर्को बकुल्लाले सोध्यो ।

बूढो बकुल्लाले भन्यो, "धेरै वर्ष पहिले यो खोलामा धेरै माछा, भ्यागुता र गँगटा पाइन्थे । नदीको पानीमा माछा खेलेको माथि आकाशबाटै देखिन्थ्यो । त्यसैले हाम्रो पुर्खाहरूको एउटा समूह जङ्गलबाट आएर यहाँ बसाइँ सरेको हो ।"



"बूढाबाका कुरा कसरी पत्याउने ?" एउटा ठिटो बकुल्लाले भन्यो । "मैले खोलामा माछा, भ्यागुता, गँगटा नदेखेको कति भयो । माछाको के कुरा अब त यहाँको पानी पनि खान हुँदैन । कस्तो गन्हाएको छ सुँघ्नुस् त ।"

"तिमीले नपत्याएर के गर्छौ र साने ? वास्तविक कुरा यही हो ।"

"कसले गऱ्यो त यस्तो काम ?"

"पहिले यहाँ यति बाक्लो बस्ती थिएन । बस्ती बढेपछि मानिसहरूले घरको सबै फोहोर मैला खोलामा बगाउन थाले । यसरी पानी फोहोर हुँदै गयो । पानीमा माछा, गँगटा र कीरा पनि हराउँदै गए ।

"जङ्गलका बकुल्ला हिमालको हिउँ जस्ता सेता हुन्छन् । हामी जङ्गलमा जाँदा गन्हायो भनेर उनीहरू परपर बस्छन् । भोक सहनु भन्दा यो बेइजत सहन गाह्रो भयो बूढाबा !" अर्को ठिटो बकुल्लाले भन्यो ।

"बिरामी भएर मर्न लागेपछि इज्जतको के कुरा !"

"केही दिनपछि त सहरभित्र बाँकी रहेका दुईचार वटा पोखरी पनि मासिन्छन् । त्यसपछि त पानी खान पनि जङ्गलमा जानु पर्छ ।"



बकुल्लाहरूको बीचमा यस्तै कुरा हुँदै थियो । तिखुलेकी आमाले आत्तिँदै भनिन्, "मेरो तिखुले छटपटाइरहेछ । तिमीहरूको कुराले ऊ निको हुन्न । लौ न के गर्ने ?"

"तिम्रो छोरा मात्रै होइन अरूका छोराछोरी पनि बिरामी छन् । एक छिन नआत्तिऊ । म बैद्यबालाई बो लाएर ल्याउँछु," भन्दै एउटा तन्नेरी बकुल्ला उड्यो ।

बकुल्लाहरूको समूहमा विदेश गएर आएको एउटा अनुभवी बकुल्ला थियो । उसले बकुल्लाहरूलाई के खान हुन्छ, के खान हुँदैन भनेर सल्लाह दिन्थ्यो । उसलाई अरूले बैद्यबा भन्थे ।


एकै छिनमा बैद्य बकुल्ला आइपुग्यो ।

"बैद्यबा, मेरो छोरा बिहानदेखि पखालो लागेर छटपटाइरहेको छ । लौ न केही
गर्नुपर्‍यो," तिखुलेकी आमाले भनी ।

बैद्य बकुल्ला तिखुलेकी आमाको पछि लागेर तिखुलेकहाँ पुग्यो । अरू बकुल्ला पनि पछि लागे ।

"तिखुले, तिमीलाई के भयो ? आज तिमीले के खाएका थियौ भन त," बैद्य बकुल्लाले माया गरेर सोध्यो ।

तिखुलेले आफूले गँड्यौला भन्ने ठानेर पानीभित्र अड्किएको चाउचाउ खाएको कुरा सुनायो ।



तिखुलेको कुरा सुनेपछि बैद्य बकुल्लाले भने, "बिचरा, फोहोर पानीमा डुबेको कुहेको खानेकुरा खाएर यस्तो भयो । यसलाई फुड पोइजनिङ भएको भन्छ । पेटमा भएको खाने कुरा सबै निस्केपछि बिस्तारै ठिक हुन्छ । नआत्तिऊ । सकेसम्म धेरै पानी खाऊ । सफा पानी खाऊ ।"

"कहाँबाट पाउनु सफा पानी बैद्यबा ? हामीले त यही खोलाको पानी खाइरहेका छौँ," तिखुलेकी आमाले भनी ।

"छि छि छि छि.... त्यस्तो पानी पनि खाने ?," बैद्य बकुल्लाले भने । "यहाँ वरिपरि अझै पनि सफा पानी भएका केही पोखरीहरू छन् । त्यहाँको पानी खाऊ । यस्तो पानी खाए त सबै सखाप परिन्छ । होस गर है सबै ले !"

बैद्य बकुल्ला फर्केर गएपछि बकुल्लाहरूबीच फेरि छलफल सुरु भयो । ठिटा बकुल्लाहरू बसाइँ सर्ने कुरा गर्न थाले ।

एउटा बकुल्लाले भन्यो, "खान पिउन नपाइने यस्तो ठाउँमा अब हामी किन बस्ने ? सफा पानी भएको ठाउँ खोजौँ ।"

"जाने त हो तर कहाँ जाने ?" अर्को बकुल्लाले भन्यो । "अरूको बस्तीमा गयो भने किन आयौ भनेर धपाउँछन् ।"

सबैको कुरा सुनिसकेपछि अघिको बूढो बकुल्लाले भन्यो, "तिमीहरूको कुरा ठिकै हो । हाम्रो पुर्खा बसाइँ सरेरै यहाँ आएका हुन् । आफ्नो ज्यान जोगाउन बसाइँ सर्नु कुनै गल्ती हो इन ।"

"हामी उडेर टाढा टाढा जान्छौँ र सफा पानी भएको खोला, ताल, पोखरी खोज्छौँ ।" तन्नेरी बकुल्लाहरूले भने । "हामी नफर्केसम्म सबै यही बस्नुहोला ।"

नयाँ बस्ती खोज्न गएका तन्नेरी बकुलाहरू गएको धेरै दिन भयो । उनीहरू अझै फर्केका छैनन् । कोही भन्छन्, उनीहरू टौदहमा रमाएर बसेका छन् । कोही भन्छन् उनीहरू नागदहमा छन् । कोही भन्छन् अब उनीहरू फर्कन्नन् । तर फोहोर खोलाको बगरमा बस्ने बकुल्लाहरू उनीहरू कहिले फर्कलान् र बसाइ सरौँला भनेर पर्खिरहेका छन् ।

# पृथ्वीको सिरक

काठमाडौँको जाडो छल्न नवलपरासी पुगेकी पुनम त्यहाँको चिसो देखेर डराइन् । तर त्यहाँ उनलाई न्यानो माया दिने हजुरबा र हजुरआमा हुनुहुन्थ्यो ।

पुनम रवि काकासँग आफ्नो पुख्यौली घर नवलपरासी पुगेकी थिइन् । उनीहरू त्यहाँ दिउँसो पुगेका थिए । तर डम्म बादल लागेर रात पर्न लागेजस्तो भएको थियो ।

"हजुरबा ! हजुरआमा ! म आएँ । " पुनम हावाको बेगमा हुर्रिंदै हजुरबुबा नजिकै पुगिन् ।

"ए हे, मेरी नातिनी आइछे ! हजुरबा हजुरआमाको मायाले तानेर ल्यायो !" पुनमका हजुरबा दीनानाथले नातिनीलाई अँगालोमा लिँदै भन्नुभयो ।

"काठमाडौँमा उज्यालो घाम लागेको छ । यहाँ त यस्तो जाडो रैछ हजुरबा !" पुनमले लाडिँदै भनिन् ।



"तीन चार दिन भयो यहाँ बादलले ढाकेको । गाई डिँगा पनि जाडोले बाहिर निस्कन सकेका छैनन्," हजुरआमाले आकाशतिर हेर्दै भन्नुभयो ।

"हामी पिङ खेल्ने रुख देख्दिन नि कहाँ गयो ? " पुनमले बाटोतिर हेर्दै भनिन् ।

"हो त नि बर, पीपलको रुख, चौपारी केही छैन । छ महिनामा घर आउँदा चिन्नै नसकिने भएछ । कस्तो उजाड !" रविले पनि थप्नुभयो ।

"बाटो बनाउँदा बर, पीपल, शमीका ठूला रुख काटे । अब थकाइ मेट्ने चौतारी पनि हरायो," हजुरबाले निराश हुँदै भन्नुभयो ।

"कत्तिको जाडो छ काठमाडौँमा ? पहिला दश बाह्र बजेसम्म हुस्सु लाग्थ्यो । उहिले उहिले त हिउँ पनि पर्थ्यो," हजुरबाले अनुभव सुनाउनु भयो ।

"धेरै जाडो छैन हजुरबा । साँझ बिहान जाडो हुन्छ । दिउँसो घाम लाग्छ ।"

"त्यही त हेर न नानी पहिले काठमाडौँको जाडो छल्न मानिसहरू यता आउँथे । अहिले उल्टो भयो । जाडोभरि हुस्सु लागेर घामको मुख देख्न पाइन छाड्यो," हजुरआमाले भन्नुभयो । "खै के भाको हो ? कैले बेस्सरी गर्मी, कैले बेस्सरी जाडो । कैले खडेरी परेर बाली सुक्ने, कैले बाढी आएर बालीको नाश । खेतीपाती पनि गर्ने कि नगर्ने भयो अब ।"

"उहिले बेलामा पानी पर्थ्यो र खेतीपाती राम्रो हुन्थ्यो । अहिले कुन बेला पानी पर्छ, कुन बेला घाम लाग्छ भन्ने ठेगानै छैन," हजुरबाले चिन्तित हुँदै भन्नुभयो । "बल्ल बल्ल असार मा धान रोप्यो । धान स्याहर्ने बेलामा पानी परेर धान खेतमै कुहियो । गहुँ मसुरो छर्न खनेर ठिक्क पारेको खेत पानी परेर हिलाम्य भयो !"

"किन त्यस्तो भएको होला हजुरबा ?"


"खै देउता रिसाए भने यस्तो हुन्छ भन्छन् । खडेरी, अनिकाल, अति वृष्टि, बाढी, पहिरो, रोगव्याधि सबै देउता रिसाएकोले भएको होला," हजुरबाले आकाशतिर हेर्दै भन्नुभयो ।

"त्यसको मतलब पहिले पहिले देउता रिसाउन्नथे, रिसाए पनि कहिलेकाहीँ मात्रै रिसाउँथे । तर अचेल धेरै रिसाउन थालेको भन्नुभएको हो हजुरबा ?"

"त्यही त भन्नु पऱ्यो ।"

"देउता किन रिसाएको होला, हजुरबा ?"

नातिनीको कुरा सुनेर हजुरबा अक्मकिनुभयो । त्यही बेला अचानक आकाश गर्जेको सुनियो ।




"लौ देख्यौ त ! कुबेलामा चट्याङ परेर हुरी चल्न थाल्यो," हजुरबाले भन्नुभयो । "आजको यो हावाहुरीको लक्षण राम्रो छैन जाउँ भित्र । भित्र अलि न्यानो होला ।"

अचानक हावा हुरी चल्न थाल्यो । कालो बादल मडारिएर आयो । गड्याङ गुडुङ आवाज आउन थाल्यो । दिउँसै अँध्यारो भयो । बिजुली चम्क्यो । चट्याङ पर्‍यो । पुनम डराइन् । उनी आँखा चिम्म गर्दै दुवै हातले कान थुनेर चिच्याइन्, "हजुरबुवा ! मलाई डर लाग्यो !"

नातिनी डराएको देखेर हजुरआमाले उसलाई दुवै हातले समात्दै भन्नुभयो, "डराउनु पर्दैन नानु !"

गोठको टिनका छानो उडाएको आवाज आयो । गाईबस्तु आत्तिएर कराउन थाले । घरको छानाको टिन बज्न थाल्यो । पुनम हजुरआमालाई समातेर गुटुमुटु परिन् । हजुरआमाले छानातिर हेर्दै भन्नुभयो, "हैन के अलच्छिन हुन थाल्यो ! टिन उडाउँछ कि के हो !"

पुनमले डराएर पुलुक्क छानातिर हेरिन् । एकैछिनमा पानी दर्कन थाल्यो । छानामा असिना ठोक्किएको आवाजले कानको जाली फाट्ला जस्तो भयो ।


"यो कुबेलाको पानीले कहाँ के के बिगार गऱ्यो ? खेतको गहुँ, मसुरो नष्ट पाऱ्यो होला !" हजुरबुवाले खेततिर हेर्दै भन्नुभयो ।

त्यही बेला रवि काका आइपुग्नु भयो । उहाँ पानीले लछुप्रै भिज्नु भएको थियो ।

"यस्तो हुरी पानीमा कहाँ गएका थियौ रवि ?" हजुरआमाले चिन्तित हुँदै सोध्नुभयो ।

रविले भिजेका लुगा निचारेर अगेनाको छेउमा बस्दै भन्नुभयो, "गाउँका साथीभाइहरूसँग भेट्न गएको आमा । तर कोही पनि भेट भएन । सबै जना विदेश गएछन् । यो पानीले खेतको गहुँ मसुरो सबै सखाप पाऱ्यो । कस्तो बिजोग छ खेतमा !"

"देउता रिसायो भने यस्तै हुन्छ बाबै !" हजुरआमाले भन्नुभयो ।



"देउता रिसाएर यस्तो भएको हैन आमा ! पृथ्वी तातेर यस्तो भएको हो," रविले सम्झाउन खोज्नुभयो ।

रवि काका वातावरण संरक्षण गर्ने संस्थामा काम गर्नुहुन्थ्यो । उहाँले बेमौसममा पानी पर्नु, हुरी बतास चल्नु, खेतीपाती बिग्रनुका कारणहरूको बारेमा बुझाउन खोज्दै भन्नुभयो, "यो सबैको कारण पृथ्वी तातेर हो । देउता रिसाएर हैन ।"

अगेनुमा कुँडिया दूध उम्लँदै थियो । सबै जना अगेनुको वरिपरि बसेर आगो ताप्दै कुरा गर्दै थिए । हजुरआमाले सबैलाई तातोतातो दूध खान दिनु भयो ।

"पृथ्वी कसरी तात्छ काका ?"

"नानी, पृथ्वी तात्नुका धेरै कारण छन्," रवि काकाले गम्भीर हुँदै भन्नुभयो । "मुख्य कारण के हो भने जमिनभन्दा माथि, झन्डै सय किलोमिटर माथि वायुमण्डलको पत्र

छ । त्यो पत्र पृथ्वीको एक किसिमको सिरकजस्तै हो । सूर्यको ताप सिरकबाट छिरेर पृथ्वीमा आउँछ । तर पृथ्वीमा आएको तापलाई सिरकले बाहिर जान दिँदैन । सिरक पातलो हुँदासम्म अलिअलि ताप बाहिर जान्थ्यो र तातो र चिसोको सन्तुलन मिल्थ्यो । तर अहिले त्यो सिरक धेरै बाक्लो भएको छ । यसले गर्दा सूर्यबाट आएको ताप बाहिर जान रोकिएको छ । यसरी ताप बाहिर जान नपाएपछि सिरकभित्र पृथ्वी गुम्सिएको छ ।"

"पृथ्वीले सिरक ओढेको ? कस्तो रमाइलो हगि काका ?" पुनमले खुसी हुँदै भनिन् । "बाक्लो सिरक ओढेपछि भित्र तात्ने नै भयो ।"

"हो, तिमीले ठिकसँग बुझ्यौ," काकाले भन्नुभयो, "पृथ्वी तातेपछि हिमालको हिउँ पग्लन थालेको छ । जाडो हुने ठाउँमा गर्मी हुन थालेको छ । पानी नपर्ने ठाउँमा पानी पर्न थालेको छ । आजै देखिहाल्यौ । कत्रो पानी पऱ्यो, हुरी चल्यो । कति धेरै नोक्सान भयो !"



"पृथ्वीको सिरक किन बाक्लो भएको नि काका ?"

"मैले अघि भनेँ नि पृथ्वीको वायुमण्डलको माथि एउटा पत्र छ । त्यो पत्र कार्बन डाइअक्साइड, मिथेन, ओजोन, नाइट्रोस अक्साइड, क्लोरोफ्लोरो कार्बन जस्ता ग्यासहरूले बनेको छ । पृथ्वीमा यस्ता हानिकारक ग्यासको उत्पादन बढ्यो भने अनि अक्सिजन जस्तो उपयोगी ग्यास घट्यो भने पृथ्वीको माथिल्लो पत्र बाक्लो हुन्छ ।"

"ती खराब ग्यासहरू किन बढ्छन् काका ?"

"रुखले कार्बन डाइअक्साइड सोसेर अक्सिजन फाल्छ । तर मान्छेले अन्धाधुन्ध रुख काट्छन् । बनमा डढेलो लाउँछन । गाडी र कलकारखानाबाट निस्कने धुवाँमा अनेक प्रकारका हानिकारक ग्यास हुन्छ । खेतीपाती र पशुपालन गर्दा मिथेन ग्यास

निस्कन्छ । मानिसले गर्ने यस्ता धेरै काम छन् जसले गर्दा पृथ्वीको सिरक दिनदिनै बाक्लो हुँदै गएको छ । यसरी पृथ्वी दिनदिनै बिरामी हुँदै छ ।"

"आखिरमा मानिसकै कारणले यस्तो अचाक्ली भएको रैछ त !" हजुरबाले भन्नुभयो । "यसैले त देउता रिसाएको भनेको ।"

"काकाले वायुमण्डलको ग्यासको कुरा गर्नुहुन्छ ? हजुरबाले देउता रिसाएको भन्नु हुन्छ । मैले त बुझ्नै सकिन," पुनमले अलि झर्को मान्दै भनिन् ।

"कुरा एउटै हो नानु, पृथ्वीलाई हामी देउता भनेर पूजा गर्छौं । धरती माता भनेर ढोग्छौं । मानिसले पृथ्वीलाई बिरामी बनाउँदा पृथ्वी रिसाएर यस्तो अचाक्ली भएको रहेछ । रविको कुरा पनि त त्यही हो," हजुरबाले उत्साहित हुँदै भन्नुभयो ।

"तिमीले चाहिनेभन्दा धेरै खायौ भने पचाउन गाह्रो हुन्छ । सन्चो हुन्न हैन ? हो त्यस्तै हो । पृथ्वीमा पनि नचाहिने ग्यास धेरै भयो अनि पृथ्वी बिरामी भएकी हुन् बुझ्यौ ?" रवि काकाले भन्नुभयो ।

"त्यसो भए पृथ्वीलाई बिरामी पार्ने त मान्छेले नै रहेछ हैन त काका ? "

"हो हामी बुद्धिमान मानिसले नै हो । त्यसैको परिणाम अहिले हामीले भोगिरहेका छौं," काकाले स्पष्ट पार्नु भयो । "हाम्रा हिमालहरू पग्लिन थालेका छन् । हिमताल फुट्ने खतरा बढेको छ । समुद्रको सतह बढिरहेको छ । बेमौसममा बर्षा र बाढी आउन थालेको छ । यसको असर हामी सबै मानिस, जीवजन्तु र वनस्पति माथि परेको छ । हाम्रो खेतीपाती बिग्रनुको कारण पनि यही हो ।"

"ए त्यसो भए पृथ्वीलाई तात्न नदिन के गर्नुपर्छ काका ? पृथ्वीलाई सन्चो पार्ने उपाय के होला ?" पुनमले जिज्ञासु भएर सोधिन् ।

"पृथ्वीलाई तात्न नदिन पृथ्वीको सिरक पातलो पार्नु पर्छ । सिरक पातलो पार्नका लागि कार्बन डाइअक्साइड जस्ता दूषित ग्यासको उत्पादन कम गर्नुपर्छ," रवि काकाले भन्नुभयो ।

"के गर्दा कार्बन डाइअक्साइड जस्ता ग्यासहरूको उत्पादन घट्छ काका ?"

"कार्बन डाइअक्साइड र अरू दूषित ग्यासहरूको उत्पादन घटाउने धेरै उपाय छन्," काकाले भन्नुभयो । "सबैभन्दा महत्वपूर्ण काम त रुख रोप्नु नै हो । रुखले कार्बन डाइअक्साइड लिन्छ र अक्सिजन दिन्छ । अर्को महत्वपूर्ण काम गाडी, इन्जिन, कलकारखाना जस्ता दूषित ग्यास उत्पादन गर्ने स्रोतहरूलाई कम गर्नु वा सुधार्नु हो । गाडी चलाउन, कलकारखाना चलाउन, बिजुली उत्पादन गर्न कोइला, तेल, ग्यास जलाइन्छ । त्यसबाट कार्बन डाइअक्साइड निस्केर सिधै हावामा मिसिन्छ ।"

"रविले भनेको ठिक हो । हामीले सकेसम्म धेरै रुख रोप्नुपर्छ । रुखले हामीलाई धेरै कुरा दिन्छ । बाँच्नका लागि अन्न, फलफूल, तरकारी, जडीबुटी दिन्छ । खाना पकाउन दाउरा दिन्छ । घर बनाउन काठपात दिन्छ । लास जलाउन दाउरा दिन्छ । यसैले हामीले रुखलाई वृक्ष देवता भनी पूजा गर्छौं," हजुरबाले भन्नुभयो ।

"रुखले हामीलाई सास फेर्नका लागि नभइनहुने अक्सिजन पनि दिन्छ हजुरबा ! अक्सिजन भएन भने त हामी एकछिन पनि बाँच्न सक्तैनौं," पुनमले हाँस्दै भनिन् । "अनि हामीले पढ्ने किताब कापी पनि रुखले नै दिन्छ ।"

"हो त नि । हाम्री नातिनी कति बुद्धिमती छे," भन्दै हजुरबाले पुनमको कपाल मुसार्नु भयो । "रुखका अरू पनि फाइदा छन् । जति धेरै रुख रोप्न सक्यो उति धर्तीलाई सन्चो हुन्छ । रुखको जराले माटोलाई बलियोसँग समातेर राख्छ र पहिरो पनि जान दिँदैन । जहाँ धेरै रुख छ त्यहाँको जमिनले पानी धेरै सोस्छ । अनि पानीका मूल फुट्छन् ।"


"मैले बल्ल बुझेँ । म आजैदेखि रुख रोप्न थाल्छु । मेरो स्कुलका साथीहरूलाई पनि रुख रोप्न लगाउँछु । अनि तपाईं पनि रुख रोप्नुस् ल !"

पुनमले केही सम्झेझैँ गरी फेरि भनिन्, "म त काठमाडौं फर्केपछि बाबालाई त्यस्तो धुवाँ फाल्ने गाडी नचढ्नुस् भन्छु । म स्कुटर होइन साइकल चढ्छु । साथीहरूलाई पनि साइकल चढ्न भन्छु ?"

पुनमले आफ्नो सुरमा भन्दैगइन्, "हजुरबा भोलि हाम्रो घर छेउको बाटाको दायाँबायाँ पीपल, बर र शमी र फलफूलका बेर्ना रोपौं है । रुख ठूलो भएपछि पहिलाजस्तै पिङ खेल्न पाउँछौं । अनि हजुरबा चौतारीमा बसेर शीतल ताप्नु होला ।"

"हुन्छ नानु । भोलि बिहानै तिमी र म नर्सरी गएर बेर्ना लिएर आउँला अनि रोपौंला है । आज तिमी थाकेकी छौ । आराम गर," हजुरबाले मुसुमुसु हाँस्तै भन्नुभयो ।

कुरा गर्दागर्दै पुनम अगेनुको छेउमै निदाइन् । निँदमा पनि उनी भन्दै थिइन्, "नर्सरीबाट बेर्ना ल्याउने है हजुरबा !"



# जिज्ञासु विपुल

"त्यो खाल्टोमा के चलिरहेको छ हेर्नुस् त !" अचानक विपुल चिच्यायो । सबै जनाको आँखा खाल्टोतिर गयो ।

विपुल आफ्ना बाबासँग चितवनको राष्ट्रिय निकुञ्जमा घुमिरहेका थिए । दुई जना वनरक्षक पनि सँगै थिए । उनीहरू हात्तीमा थिए । बाबाले माहुतेलाई भन्नुभयो, "रोक रोक । एक छिन पर्ख त त्यो खाल्टोमा के चलिरहेको छ हेरौँ ।"

माहुतेले हात्तीलाई रोक्न आदेश दिँदै भने, "हजुर, यहाँ बाघको खतरा छ । धेरै बेर रोकिनु हुन्न ।"

"हुन्छ । हात्तीलाई खाल्टोको अलि नजिक लैजाऊ," बाबाले भन्नुभयो ।

माहुतेले हात्तीलाई खाल्टोतिर जान आदेश दिए । नजिक पुगेपछि उनीहरूले देखे, खाल्टोभित्र एउटा हरिण थियो । हरिण बाहिर आउने प्रयास गर्दै थियो । उसको खुट्टामा चोट लागेजस्तो देखिन्थ्यो । त्यसैले ऊ बाहिर निस्कन सकेको थिएन ।

"बाबा, त्यो हरिणको खुट्टा भाँच्चिएजस्तो छ । त्यसलाई क्लिनिकमा लैजाउँ," विपुलले भने ।

विपुलका बाबा पशु चिकित्सक थिए । उनी राष्ट्रिय निकुञ्जको पशुहरूको क्लिनिकमा काम गर्थे । क्लिनिकमा न्याउरीमुसादेखि गैँडा र हात्तीसम्मको उपचार गर्नु पर्थ्यो ।

बाबाको आदेश पाएपछि माहुतेले हात्तीलाई खाल्टोको नजिकै लगे ।

सबै मिलेर हरिणलाई बाहिर निकाले । वन रक्षकहरूले त्यसलाई समातेर हात्तीमाथि राखे । अनि उनीहरू विस्तारै निकुञ्जको क्लिनिकतिर लागे ।

चितवनको जङ्गलमा थरिथरिका जीवजन्तु र पन्छीहरू बस्थे । एकसिंगे गैँडा, पाटे बाघ, निलगाई, मयुर जस्ता अन्यत्र नपाइने जीवजन्तु र चराहरू यहाँ पाइन्थे । जाडो याममा उत्तर तिरबाट पाहुना चराहरू आउँथे । कुनै चरा त साइबेरियादेखि आउँथे । केही समय रमाएर बस्थे, चल्ला कोरल्थे, हुर्काउँथे र गर्मी लागेपछि फर्कन्थे ।

क्लिनिकमा लगेपछि विपुलका बाबाले हरिणलाई जाँच्नुभयो र भन्नुभयो, "बिचरा ! यसको गोडामा चोट लागेको रहेछ । तर यो चोट भर्खरै लागे जस्तो छ । बाघबाट जोगिन भाग्यो होला अनि खाल्टोमा खस्यो होला । खाल्टोमा खस्दा यसको खुट्टामा चोट लागेको हुनुपर्छ । यो धेरै दिनदेखि भोकाएको जस्तो छ ।"

"यसले के खान्छ बाबा ?" विपुलले सोधे ।

"यो शाकाहारी जनावर हो । यसले घाँस खान्छ । हात्ती र गैँडा पनि शाकाहारी हो," बाबाले विपुललाई सिकाउन खोज्दै भन्नुभयो । "बाघ, चितुवा, स्याल मांसाहारी जनावर हुन् । तिनीहरूले मासु खान्छन् । "

"वनमा जताततै हरियो घाँस छ तैपनि यो हरिण किन भोकै बसेको होला बाबा ?"

विपुलको कुरा सुनेर बाबा एक छिन विचारमा डुब्नु भयो । अनि लामो सास फेर्दै भन्नुभयो, "बाबु तिमीले अघि बनमा घुम्दा जुन हरियाली देख्यौ त्यो वास्तवमा घाँस नभएर एक प्रकारको झार हो । त्यो झार यहाँका जनावरहरूले खान्नन् । खाए बिरामी पर्छन् ।"

"त्यसो भए यहाँका जनावरहरूले पहिले के खाएर बाँच्थे बाबा ?"

"बाबु, पहिले यो वनमा यो झार थिएन । यहाँ रैथाने घाँस थियो । अहिले यो बनमा जताततै यस्तो झार फैलिएको छ । यो झारलाई यहाँका मानिसहरूले वनमारा भन्छन् । तर यसको नाम माइकेनिया झार हो । वनका स्थानीय घाँसपात, बिरुवा वनस्पतिलाई मारेर यो जथाभावी बढ्न र फैलिन थालेपछि मानिसहरूले यसलाई वनमारा झार भनेका हुन् ।"

"यो झार कहाँबाट यहाँ आयो होला बाबा ?"

"यो अफ्रिकाको जङ्गलमा पाइने झार हो । यो झार अफ्रिकाबाट आएको हो," बाबाले भन्नुभयो । "यस्तै अर्को झार उत्तर अमेरिकाको जङ्गलमा पनि पाइन्छ, जसलाई पार्थेनियम भनिन्छ । यी दुवै झार भारतको बाटो हुँदै यहाँ आइपुगेको हो ।"

"अब यहाँका मृग, हरिण, खरायो, गैँडा, हात्तीले के खान्छन् त बुवा ?"

"यो झारले राष्ट्रिय निकुञ्जलाई ठूलो समस्यामा पारेको छ । यहाँ मात्रै हैन नेपालका अरू संरक्षित वन र निकुञ्जहरूलाई पनि समस्या परेको छ । संरक्षित क्षेत्रमा बस्ने जीवजन्तुको खानेकुरा र वासस्थान नै खल्बलिएको छ," बाबाले चिन्तित हुँदै भन्नुभयो । "घाँस नभएपछि मृग, हरिणहरू हुँदैनन् । मृग, हरिण नभएपछि बाघ, चितुवा र मासु खाने जनावरहरू पनि हराउँछन् ।"

"यहाँका जीवजन्तु हराएपछि यहाँ को आउँछ र हरियो झारमात्रै हेर्न ? हगि बाबा ?" विपुलले सोधे । "यो वनमारा झार मास्ने कुनै उपाय छैन बाबा ?"

"यो झार हजारौँ वर्षअघि जन्मेको झार हो । यो जस्तोसुकै खराब परिस्थितिमा पनि बाँच्न र हुर्कन सक्छ । यसलाई मार्ने कीरा र औषधीको विकास गर्ने कोसिस भइरहेको छ तर सफल भएको छैन," बाबाले भन्नुभयो ।

"यसलाई काटेर कुनै काममा लगाउन सकिन्न बाबा ?"

"यो झार कुनै पनि जनावरले खान्न । यसबाट घर छाउन पनि मिल्दैन । यसैले वरिपरिका गाउँलेहरूले यसलाई काटेर लैजान मान्दैनन् ।"

"त्यसो भए यो बनका बाघ, भालु, गैँडा र चराहरू भोकै मर्ने भए त बाबा ?" विपुलले गम्भीर हुँदै सोधे ।

"यो निक्कै गम्भीर समस्या हो बाबु । तर समस्या भएपछि समाधान पनि हुन्छ," बाबाले भन्नुभयो । "यस विषयमा नरेश अङ्कललाई धेरै कुरा थाहा छ । उहाँले वनमारा झार कसरी हटाउने भन्ने विषयमा अनुसन्धान गर्दै हुनुहुन्छ । एक दिन उहाँसँग भेट्यौ भने धेरै कुरा थाहा हुन्छ ।"

"को नरेश अङ्कल ? बिनाको बुवा हो ?"

"हो, तिम्रो साथी बिनाका बुवा । उहाँ कृषि इन्जिनियर हुनुहुन्छ । उहाँले यस विषयमा धेरै काम गर्नु भएको छ ।"

"त्यसो भए त म बिनासँग उनको घरमा गएर नरेश अङ्कललाई सोध्छु नि," विपुलले उत्साहित हुँदै भने ।

भोलिपल्ट विपुलले बिनालाई भेटे र सोधे, “बिना, तिम्रो बाबा घरमा हुनुहुन्छ ?”

“हुनुहुन्छ होला नि, मिटिङमा नजानु भएको भए । किन ?” बिनाले उत्सुक हुँदै सोधिन् ।

“मलाई अङ्कलसँग भेट्नु छ ।”

“मम्मीसँग भेटे हुँदैन ? उहाँ जहिले पनि घरमा हुनुहुन्छ ।”

“हैन, अङ्कलसँगै भेट्नु पर्ने छ ।”


“के कुरा हो मम्मीलाई सोध्न नहुने बाबा नै चाहिने ?” बिनाले अचम्म मान्दै सोधिन् ।

“त्यो कुरा अङ्कलसँगै भेटेर भन्छु ।”

“त्यसो भए जाउँ । बाबा घरमा हुनुहुन्छ भने भेट भइहाल्छ । नभए मम्मीसँग भेट होला ।”

उनीहरू बिनाको घरमा पुग्दा बिनाकी आमा मात्र घरमा हुनुहुन्थ्यो ।

“अन्टी, अङ्कल कहिले आउनु हुन्छ ?” विपुलले संकोच मान्दै सोधे ।



"अङ्कल मिटिङ सकेर आउँदै हुनुहुन्छ । हतार छैन भने एक छिन बस्दै गर है बाबु," बिनाकी आमाले भन्नुभयो ।

बिनाले विपुललाई बैठक कोठामा लगिन् । भित्ताको दराजतिर देखाउँदै उनले भनिन्, "बाबाले लेख्नु भएका किताबहरू हेर्छौ ?"

"अङ्कलले किताब लेख्नुहुन्छ ? के विषयमा लेख्नु भएको छ ?" विपुलले सोधे ।

"तिमीलाई थाहा छैन हाम्रो बाबा कृषि इन्जिनियर हुनुहुन्छ ? कति धेरै किताब लेख्नु भएको छ । आफै हेर न दराजमा छ ।"

बिनाले दराजको ढोका खोलिदिइन् । दराजका किताबहरूतिर हेर्दै विपुलले आश्चर्य मान्दै सोधे, "यी सबै किताब अङ्कलले लेख्नु भएको हो ?"

"हैन, त्यहाँ अरूले लेखेका किताब पनि छन् । ऊ त्यो मोटो किताब हेर त बाबाले लेख्नु भएको ।"

विपुलले बिनाले देखाएको किताब झिके । त्यसको शीर्षक पढे । लेखेको थियो : 'जैविक खेती प्रविधि' । उनले किताबका पाना पल्टाउन थाले । किताबमा वन जङ्गल, विभिन्न जातका रुख बिरुवा, जीवजन्तु, चरा, कीरा आदिको चित्र थियो ।

विपुल एक सुरले किताब हेरिरहेका थिए । नरेश अङ्कल आइपुगेको उनले चालै पाएनन् ।

"के पढ्दैछौ बाबु ?"

अङ्कलको स्वर सुनेर विपुल झसङ्ग भए । उनले अङ्कललाई नमस्ते गर्न पनि बिर्से र सोझै प्रश्न गरे, "अङ्कल, बाबाले भन्नु भएको निकुञ्जभित्र वनमारा झार फैलियो भने जनावरहरूले खानेकुरा पाउँदैनन् रे अनि यहाँ कुनै पनि पशुपंछी हुँदैन रे । त्यस्तो किन हुन्छ अङ्कल ?"

विपुलको कुरा सुनेर अङ्कल मुसुक्क हाँस्नुभयो र भन्नुभयो, "तिम्रो बुवाले भन्नु भएको कुरा सही हो । यो माइकेनिया झार ठूलो समस्या बनेको छ । यसैले म यसलाई कसरी तह लाउने भन्ने अध्ययन गर्दै छु ।"

नरेश अङ्कलले भन्दै जानुभयो, "यो अजम्बरी वनस्पति हो । वनमारा झारजस्तै । यो काटेर पनि मासिन्न । गैँडा र अरू जनावरले माइकेनिया झार खाँदा बिरामी पर्छन् । किनकि यो विषालु झार हो । यो झारमा भएको विषले अरू घाँस, झारपात र रुखलाई पनि मार्छ । साना रुखलाई यसले बेरेर पनि मार्छ । यो झारले गर्दा निकुञ्जका जीवजन्तुलाई घाँस खाने चौरको व्यवस्था गर्न मुस्किल भइरहेको छ ।"



"त्यसो भए त एक दिन बनमा जनावर नै नरहने भयो त अङ्कल ?" विपुलले सोधे । "निकुञ्जका जीवजन्तु हेर्न संसारबाट मान्छे आउँछन् । जनावर नै नरहेपछि को आउँछ र यहाँ ? यो झारलाई मास्ने कुनै उपाय छैन अङ्कल ?"

"तिम्रो कुरा ठिक हो । यो झारले भुइँमात्रै हैन रुखमा बेरिएर माथि पुगेको छ । यसले जङ्गल नै अँध्यारो भएको छ । उज्यालो घाम छिर्न नपाएपछि घाँस र बिरुवा उम्रन्न," नरेश अङ्कलले भन्नुभयो । "यो झार काट्यो भने भुइँमा घाँस, पात पलाउन सक्छ । तर यो झार गाई भैँसीले खाँदैन । यसैले वरिपरिका गाउँलेहरूले यो झार काटेर लैजान मान्दैनन् ।"

"यो झार केही काम लाग्दैन त अङ्कल ?"

"हो, यही कुरा मैले पत्ता लगाउँदै छु । अहिलेसम्म मैले थाहा पाएअनुसार यो झारलाई दुई तरिकाले उपयोग गर्न सकिन्छ ।"

"कसरी अङ्कल ?" विपुलले अलि उत्साहित भएर सोधे ।

"यसलाई कुहाएर कम्पोष्ट मल बनाउन सकिन्छ । खेतीपातीमा यो मल हालेर उत्पादन बढाउन सकिन्छ । ठूलो मात्रामा मल बनाएर बेच्न र आम्दानी गर्न पनि सकिन्छ ।"

"त्यसो गर्न सके त राम्रो हुन्थ्यो हगि अङ्कल ?"

"हो, यो कुरा गाउँका मानिसहरूलाई बुझाउनु परेको छ," अङ्कलले भन्नुभयो । "यो झारलाई मास्ने अर्को उपाय पनि छ ।"

"के छ भन्नुस् न अङ्कल ।"

"यो झारलाई पोलेर कोइला बनाउन सकिन्छ," अङ्कलले भन्नुभयो । "झार सङ्कलन गरेर एउटा ठूलो भाँडामा राखेर तताएर यसमा भएको पानी र ग्यास निकालेर यसलाई चारकोल अर्थात् कोइला बनाइन्छ । यो काम केही ठाउँमा सुरु पनि भएको छ । चारकोलबाट खाना बनाउन र उद्योगमा प्रयोग गर्न सकिन्छ । यो बाल्दा धुवाँ पनि आउँदैन । चारकोलले खेतबारी मलिलो पार्न र माटोको चिस्यान बढाउने काम पनि गर्छ ।"

"कस्तो राम्रो कुरा बताउनु भयो अङ्कलले," विपुलले खुसी हुँदै भने । "माइकेनियाबाट मल र कोइला बनाउन थाल्यौँ भने वन जोगिन्छ । वन जोगिए निकुञ्ज जोगिन्छ । निकुञ्ज जोगिएपछि गाउँ पनि जोगिन्छ । पर्यटकहरू फेरि ओइरिन थाल्छन् ।"

बिनाले विपुल र आफ्ना बाबाको बीचमा भइरहेको कुरा चुप लागेर सुनिरहेकी थिइन् । विपुल खुसीले फनक्क घुमेको देखेर उनले सोधिन्, "के भयो विपुल ? किन यति बिधी खुसी भएको ?"

"यो कुरा म तिमीलाई भोलि स्कुलमा भन्छु । अरू साथीहरूलाई पनि सुनाउँछु । भोलि स्कुल आऊ है," भन्दै विपुल खुसीले प्रफुल्लित हुँदै, हतारिँदै घरतिर लागे ।

"ए, विपुल, खाजा खाएर जाऊ !" बिनाकी आमाले बोलाएको विपुलले सुन्दैसुनेनन् ।

# कमलको सङ्कल्प

गाउँमा बाढीको पानी पसेपछि मानिसहरू शिविरमा बसेका थिए । कमल र उनका आमाबा पनि शिविरमा थिए । राति कमल कसैलाई पनि थाहा नदिई सुटुक्क शिविरबाट निस्के । कहाँ जाने भन्ने उनलाई पनि थाहा थिएन । तर बाढीबाट कसरी गाउँलाई जोगाउन सकिन्छ भन्ने भन्ने उद्देश्यले नै उनी शिविरबाट निस्केका थिए ।

कमल गायब भएको खबरले शिविरमा खैलाबैला मच्चियो , "हाई रे दादारे ! हमार कमल कहाँ गइल ? ए, कमलके पापा देखो तो कहिँ भी नाही छे, पता नहीँ कहाँ चलागया !" कमलकी आमा कुस्मीदेवी रुन कराउन थालिन् ।

"अभि अभि तो यहीँ था, पता नहीँ कहाँ गया ? तु चिन्ता ना कर हम ढुंढेगँ । यही कहीँ होगा दोस्त लोगनके साथ !" कमलका बाबा रामभजनले कुस्मीदेवीलाई सम्झाउँदै भने ।



रातको समयमा अचानक छोरो नभेट्दा रामभजनलाई पनि चिन्ता पऱ्यो । कतै बाढीले पो लग्यो कि भन्ने चिन्ता थपियो । कुस्मीदेवी रुँदै अरू छिमेकीसँग हारगुहार गर्न थालिन् ।

“अभि अभि हमसे पुछरहा था, ‘माई अब हमार खेतमे दुवारा फसल नाइ लागी क्या ? तो हम कुछ ना कही, कहाँ गया होगा हमार छोरा ? ए भगवान यी कैसी परीक्षा लेला हमनके ?” कमलकी आमा छोरो नभेटेपछि विलाप गरेर रुन थालिन् । कोही शिविरका अरू टहरामा पो छ कि भनेर हेर्न गए कोही यताउता बाहिरतिर हेर्न थाले । ,

बाढीले दुःख गरेर हुर्काएको बाली क्षणभरमै सखाप भएको थियो । सबै किसानका खेत बगरमा परिणत भएको थियो । गाउँ जलमग्न भएपछि ज्यान जोगाउन सुरक्षित स्थानमा शिविर बनाएर बसेका थिए । सबैलाई अब कता जाने के गर्ने भन्ने चिन्ताले सताएको थियो ।

कमल कक्षा नौमा पढ्थे । बाढीले गाउँ डुबाउँदा उनको स्कुल पनि डुब्थ्यो । बाढीको पानी सुकेपछि पनि उनी धेरै दिनसम्म स्कुल जान पाउँदैनथे । खोलामा तटबन्ध बनायो वा बाँध बाँध्यो भने पानी गाउँमा पस्दैन भन्ने उनले सुनेका थिए । यो काम इन्जिनियरले गर्छ भन्ने पनि उनले सुनेका थिए । यसैले इन्जिनियर बनेर गाउँलाई बाढीबाट जोगाउने उनको भित्री इच्छा थियो । तर गाउँको स्कुल बाढीले बन्द भएपछि कसरी पढ्न पाइन्छ र ! अनि कसरी इन्जिनियर भइन्छ र !

त्यसैले उनले शिविर छाडेर जाने निर्णय गरेका थिए ।

रातको अँध्यारोमा उनी खेतको बीचबाट हुँदै मूलबाटोतिर निस्के । खेत बगर बनेको थियो । भ्यागुताहरू टरटर गरी कराइरहेका थिए । कताकतै जुनकिरी टल्केको देखिन्थ्यो । कमल आफ्नो सुरमा अघि बढिरहेको थियो । बाढीबाट कसरी गाउँलाई जोगाउने भन्ने चिन्ता लिएर उनी एक सुरमा हिँडिरहेका थिए । उनको मनमा अँध्यारो रात र राति निस्कने शिकारी जीवजन्तुको कुनै डर थिएन ।

हिँड्दै गर्दा उनले आफ्नी आमाले भनेको कुरा सम्झे, ‘हम गरिवन के भागमें खाली दुःख करेक लिखा है । रातोँदिनौं खेतमे मेहनत हम करते है, और दुःख भी हमन ही को भोगेक पढथ, यी कैसन लिला छे प्रकृतिके ? हरसाल ये बाढ हमार बाली सखाप गरके जाथ । न सरकार बाँध बनावथ, ना कोई हमार बालीका नोक्सानी बेहोरथ !’

बाढीले गाउँको बाटो बिग्रिएको थियो । पुल भत्केको थियो । इनार र चर्पीको पानी एकै ठाउँमा मिसीएको थिए । शिविरमा झाडापखाला सुरु भएको थियो ।

“किन रोक्न सकिन्न बाढीलाई ? किन यसरी अचानक बाढी आउँछ ?” उसको मन अनेकौं प्रश्नले घेरा हालिरहन्थ्यो ।


आफूलाई धेरै कुरा थाहा नभए पनि आमालाई ऊ बेला बेला सम्झाउँदै भन्थे, 'अम्मा तु चिन्ता ना कर हम बडा होके इन्जिनियर बनब और करव यी सब बाँध बाँधेकवाला काम !'

सुनसान रात । हिलो खाल्टो । कतै पानी जमेको, कतै मरेका जनावर पल्टेको । तर उनलाई केही कुराको डर थिएन । उनका मनमा अनेक कुरा खेलिरहेका थिए । छिटो छिटो हिँड्दा उनको जुत्ता हिलोमा गाडियो । जुत्ता निकाल्न सकेन । उनी खाली खुट्टा हिँडिरहे ।

कमल आफ्ना बाबुलाई खेतमा पानी चाहार्न, जोत्न समेत सघाउँथे । मौका पाउने बित्तिकै पढ्न बसिहाल्थे । बाबुसँग उनले भन्ने गर्थे, 'देख लियो बापु हम खुब मिहिनेत करिब और इन्जिनियर बनव !'

रातदिन दुःख गर्ने किसानलाई किन प्रकृतिले पनि दुःख दिन्छ ? यो कुराले कमललाई चिमोटी रहन्थ्यो ।

रातभरि हिँडेपछि बिहान घाम उदाउने बेलामा अर्को गाउँमा पुगे । उनी खेतको बीचको गोरेटोमा हिँडिरहेका थिए । उनी थकाइ र भोकले लखतरान परेका थिए । उनको जिउमा तागत हराइसको थियो । उनको खुट्टाभरि हिलो लागेको थियो । ठाउँ ठाउँमा घाउ भएर रगत बगिरहेको थियो । ओठ सुकेर कलेटी परेका थिए । गाउँको नजिक पुगेपछि उनी थकाइ मेट्न एउटा रुखमा अडेस लागेर बसे ।



उनका आँखा लोलाए । उनी तन्द्राको अवस्थामा पुगे । तन्द्रामा उनले खेतको एक छेऊमा पोखरी देखे । पोखरीमा कमलको फूल फुलिरहेको थियो । सिगाँडा र जलकुम्भीको झार पनि उम्रिएको थियो । फूलेको कमलको फूलमा उनले आफ्नी आमाको रूप देखे र हतारिएर बोलाए, "माँ !"

खेतको नजिकै काम गरिरहेकी एकजना महिलाले आफूलाई कसले बोलायो होला भनेर यताउति हेरिन् । कमललाई देखेर चकित हुँदै सोधिन्, "ए छोरा, केकर बोला तु माँ ? कहाँ रे छे तेरी माँ ? बहुराई गयो का ?"

महिलाको आवाजले कमल झस्के । उनले आँखा मिच्दै हेरे र फेरि भने, "माँ ।" तर आफ्नी आमालाई नदेखेर टोलाइरहे ।

"हम कलावती मण्डल छे तुहार माँ नाही !" भन्दै कलावतीले सोधिन्, "कहाँ से आइला रे छोरा तु ?"

"अम्मा बहुत भुख लागल कुछ खानेको मिलेगा क्या ?" कमलले टिठलाग्दो स्वरमा भने ।

कमलको निर्दोष आँखा, खुट्टभरि चोट, हिलै हिलो, अनि भोकले बोल्न नसकेको अवस्था देखेर कलावतीको मन पग्लियो ।

"हाँ, चल हमार घर । यही नजदिकमे छे । घरपर जाके कुछ देदुँगी !" घाँसको मुठा टाउकोमा राख्दै कलावती अघि अघि लागिन् र कमल उनको पछिपछि लागे ।


घरमा पुग्दा कलावतीका श्रीमान लछुमन घर नजिकैको पोखरीमा माछालाई चारो दिइरहेका थिए । त्यहीं परको आफ्नो गाउँमा बाढीले मानिसको जीवन तहस नहस छ । यो गाउँमा बाढीले क्षति पुऱ्याएको पनि छैन । अझ पोखरीमा माछा । खेतमा तरकारी यो कसरी सम्भव भयो होला ? कमललाई अचम्म लाग्यो ।

उनी टोलाएर लछुमनलाई हेरिरहेका थिए । कलावतीले एउटा हातमा पानीको लोटा र अर्को हातमा थालमा खानेकुरा लिएर आइन् । "ले ये सख्खर और मुरही खाले बेटा ! "

कमलले हात धोऐ र हतार हतार खान थाले । भोकाएको कमलले एकैछिनमा खानेकुरा सिध्याए । कलावतीले अरू थपिदिँदै सोधिन् , "कहाँबाट आयो रे तु ? ? कहाँ छे तुहार गाउँ ?"

कमलले आफ्नो गाउँ र आफू हिँड्नाको सबै कारण बताए । लछुमन कतिबेला आइपुगेछन् कमलले पत्तै पाएनन् । उनलाई देखेर कमल अलि झस्के । खाँदा खाँदै रोकिए ।

"खाऊ खाऊ बाबु, निकै दुःख पाएछौ । धन्न रातमा हिँड्दा सर्पले टोकेनछ । यसरी रातमा हिँड्नु हुन्थेन नि !" लछुमनले गम्छाले पसिना पुछ्दै भने ।



“के गर्ने काका, आमाबाको दुःख देखेर मनले मानेन । कि इन्जिनियर बन्छु कि मर्छु भनेर हिँडेको । काका यो गाउँमा बाढीले केही गरेन ? किन हाम्रो गाउँमा मात्रै बाढीले दुःख दिन्छ ?”

“हाम्रो गाउँलाई पनि पहिले बाढीले निकै दुःख दियो । यो रातु खोलाले निकै सतायो । कतिका छोराछोरी मरे । तर अहिले त्यस्तो छैन !” कलावतीले आफ्नो अनुभव सुनाइन । आमाले पुराना कुरा सुनाइरहँदा कलावतीकी छोरी रुवीले कमललाई हेरिरहेकी थिइन् ।

“अनि कसरी रोकियो त बाढी आउन ?” कमलले जिज्ञासु हुँदै सोधे ।

रुवीले बीचैमा भनिन्, “हमार बाबा इन्जिनियर छे ।”

कमलले पक्क परेर हेरिरहे ।

“हो बाबु, म इन्जिनियर हुँ । तर मैले मात्रै गरेर गाउँमा बाढी रोकिएको हैन । गाउँले सबै मिलेर यो काम सम्भव भएको हो । सरकारको सहयोग पायौं । सबैको सहयोगले रातु नदीलाई बस्तीमा पस्न नदिन ड्रेन (नाला) बनायौं ।”

नालातिर देखाउँदै लछुमनले भने, "अनि त्यो नालाको पानीलाई हामीले सिँचाइको लागि प्रयोग गर्न थाल्यौँ । अनि त्यही नालाको पानीलाई पोखरीमा खसालेर माछा पनि पाल्न थालेको छु ।"

रुवीले भनी, "त्यसैले यसपालि हामीलाई बाढीले दुःख दिएन ।"

"तर काका धेरै ठूलो बाढी आयो भने यो ड्रेनले छेक्न सक्छ र ?"

"हो तिमीले एकदमै राम्रो कुरा गऱ्यौ । ठूलो बाढीलाई रोक्न ठूलै काम गर्नु पर्छ ।"

"कस्तो काम काका ?"

"आउने धेरै कारण छन् बाबु । त्यो मध्ये प्रमुख कारण त्यो पहाड हो" भन्दै लछुमनले उत्तरतिर धमिलो गरी देखिएको पहाडलाई देखाए । "त्यो पहाडलाई चुरे पहाड भनिन्छ । त्यो पहाड अलि होचो छ र नेपालको पूर्वदेखि पश्चिमसम्म फैलिएको छ । हामीकहाँ बग्ने नदी त्यही पहाडबाट आएको हो । त्यो पहाडमा रुख काट्यो भने, त्यहाँ ढुङ्गा र गिटट्रीको खानी खन्यो भने त्यो पहाड खल्बलिन्छ र त्यहाँ पहिरो जान्छ । त्यहाँ पहिरो गएपछि हामीकहाँ बग्ने नदीहरूमा बाढी आउँछ । त्यसले बगाएर ल्याएको बालुवा ढुङ्गा माटो खेतमा पसेर खेतलाई बगर बनाउँछ ।"

"ओहो, हामीकहाँ बाढी रोक्न चुरे पहाडलाई खल्बलिन दिनु हुन्न रहेछ । हैन त काका ?" कमलले उत्साहित हुँदै भने ।

"हो त्यसैले बाढी र कटानलाई रोक्ने र खेतलाई बगर बन्न नदिने हो भने हामीले चुरे पहाडलाई संरक्षण गर्नुपर्छ भनेको ।"

"ए बल्ल कुरा बुझेँ काका ! तर त्यो काम सानो प्रयासले होला जस्तो लाग्दैन ।"

"त्यसैले हामीले हाम्रो खेतीपाती गर्ने पुरानो तरिका फेर्नुपर्छ । खेतमा धान, गहुँ, तोरी रोप्नुको सट्टा फलफूलको रुख रोप्यौँ भने बाढीले बगाउन सक्तैन र आम्दानी पनि धेरै हुन्छ । सँगसँगै बाखा, बङ्गुर, कुखुरा पालेर पनि आम्दानी बढाउन सकिन्छ ।"

लछुमनको कुरा सुनेर कमलमा उत्साह भरियो । उनको मनमा नयाँनयाँ विचार खेल्न थाले । उनले भने, "मैले बुझेँ काका । तपाईंलाई धन्यवाद छ । कलावती काकीलाई पनि धेरै धन्यवाद छ । अब म आफ्नै गाउँमा फर्कन्छु ।"

कमल त्यहाँबाट सिधै आफ्नो गाउँतिर लागे । उनले आफ्ना बाबुलाई बगर बनेको खेतमा ढुङ्गा, बालुवा र हिलो फाल्दै गरेको परैबाट देखे ।

"अब छाडिद्यौ बापु यो बगरलाई सम्याउन । कति दुःख गर्छौ यो बाढीले सखाप पार्ने जमिनमा । तिमी मेहनत गर्छौ बाढीले बगाउँछ । अब यसरी हुँदैन बापु !"

हराएको छोराको स्वर सुनेर रामभजन झसङ्ग झस्किए । आफ्नो छोरालाई आफ्नै अगाडि देखेर उनी खुसी भए ।

“कमल ! कहाँ गएको थिइस् ? हामीले त तँ .... ” रामभजन बोल्दाबोल्दै रोकिए ।

“हो बापु म कि इन्जिनियर बन्छु कि मर्छु भनेर हिँडेको थिएँ । पल्लो गाउँमा पुग्दा मैले अनौठो कुरा देखेँ । त्यो गाउँमा बाढी पस्दैन । त्यहाँ नदी किनारमा तारजालीको पर्खाल लाएको छ । अनि म पनि आफ्नो गाउँमा त्यस्तै तरिका गर्छु भनेर फर्किआएँ” कमलले उत्साहित हुँदै भने । “बापु छाडिद्यौ यो बगर सम्याउन ।”

“के गरुँ त म ? बाबु बाजेले यही भूमिको माटोमा पसिना बगाए । म पनि यही भूमिमै पसिना बगाउँछु ।”

“हैन बापु, अब खेतीपाती गर्ने तरिका बदल्नु पर्छ । अब खेतमा आँप, लिची, मेवा जस्ता फलफूल रोप्नु पर्छ । बाढी आए पनि ती रुखलाई केही हुन्न । नदी किनारमा रुख रोप्यो र तारजालीको तटबन्ध बनायो भने बाढी गाउँमा पस्दैन,” कमले भन्दै गए । “यो बगरमा बङ्गुर, बाख्रा, कुखुरा, माछा पालौँ । धेरै आम्दानी हुन्छ । अनि बल्ल फेरिनेछ गाउँ !”

“के रे...... बाँध बाँध्ने ? नदी किनारमा ढुङ्गाको जाली लाउने रे । अनि रुख पनि रोप्ने रे ! के म एक्लैले सम्भव छ ?” रामभजनले कमलतिर हेर्दै भने ।

“यो कुरा सबै गाउँलेलाई बुझाउनु पर्छ बापु । सबै मिल्यो भने सम्भव छ । पल्लो गाउँमा सम्भव भयो भने हामीकहाँ किन नहुने ?”

कमलको आत्मविश्वास देखेर रामभजन दङ्ग परे ।

“अच्छा चल पहले घर फिर ...... ” फरुवा काँधमा राखेर रामभजन अघि लागे । कमल पछिपछि ।



# इम्जाको झस्को

"आप्पा नोर्बु रा उसका अप्पा, आमा पनि अन्तै जाने रे ! अब झोरसल्लेमा नाबस्ने रे ! हिजो हिमाल पनि गायो । आब नोर्बु पनि जाने भन्छा । मेरो ता आब स्कुलमा खेल्ने साथी पानि छाइना !" पासाङले पीर मान्दै भन्यो ।

पासाङ जोरसल्ले माबिमा कक्षा सातमा पढ्थे । इम्जाखोला र दूधकोशी किनारमा रहेको जोरसल्ले गाउँमा पासाङको सानो चिटिक्क परेको घर थियो । हिमालको फेदीमा दूधकोशीको चिसो पानी र, चौँरीको दूध खाएर हुर्किएको पासाङ हृष्टपुष्ट थियो । उसका स्याउ जस्ता राता गाला चिसोले पट्ट फुटेका थिए ।

पासाङ र नोर्बु सँगै पढ्थे । छुट्टीमा सँगै चौँरी चराउन खर्क जान्थे । उनीहरूको आफ्नै रमाइलो संसार थियो । दूधकोशीको पानीजस्तै स्वच्छ र निश्छल थियो पासाङको मन पनि । हिमाल हाँस्दा उसको मुहारमा लालीगुराँस फकन्थ्यो ।

आफ्नो साथी नोर्बु अन्तै जाने कुराले उसलाई निक्कै पीर परेको थियो । केही दिनदेखि उसको हँसिलो अनुहारमा उदासी छाएको थियो । राति उनी निदाउन सकेनन् । दिउँसो चौंरी चराउँदा नोर्बुले भनेको कुरा उसको दिमागमा बारम्बार आइरह्यो ।

"पासाङ अब हामी यो गाउँ छोडेर जाने । यहाँ नबस्ने । इम्जा फुट्छ रे हाम्रो आपाले भनेको । भोलि ऊ पुलनिर आऊ ल सँगै गफ गरौंला । आऊ है पासाङ !........."

नोर्बुको कुरा उसको कानमा बार बार गुञ्जिरह्यो । निदाउने कत्ति कोसिस गरे पनि उनलाई निँद लागेन । उनले भोलि कहिल्यै नआइदिए हुन्थ्यो भनेर कामना गरिरहे ।

"त्यो नोर्बुको आपाले भनेर हुन्छ ! केही हुँदैन चुप लागेर सुत । मान्छेले त्यसै नचाहिने हल्ला मात्र गरेका हुन् । आफ्नो गाउँ छोडेर पनि कोही अन्त जान्छ ? बरु त्यो ताल फुट्यो भने कसरी जोगिने उपाय पो सोच्नु पर्छ त !" जग्मुले पासाङ र उसकी आमा निमालाई सम्झाउँदै भने, "अब चुप लागेर सुत भोलि बेसक्याम्प जानु छ ।"

"होइन म कसोरी निदाउन सक्छु होए बुढा ? काहिलेसम्मो बस्ने यसरी डरै डरले ? बरु हिँड जाम अन्तै यो थलो छाडेर । मान मिल्ने छिमेकी पोनि हिँडिहाले । गुहार दिने पनि कोही छैन आब त यो गाउँमा !"

आफ्ना छिमेकीहरू हिँडेपछि निमालाई निकै पीर परेको थियो । उनी पनि रातभर कोल्टो फेर्दै छटपटाइरहिन् ।

"केन डराउनुपऱ्यो ? आधी जीवन यही हिमालको हिउँसँग सिगौरी खेलेर बित्यो । खै अहिलेसम्म केही भएन ? तेत्रो भूकम्प आउँदा त ताल फुटेन ! अब के को डर ? !"

"त्यै भूकम्पले गर्दा त चिरा पारेको छ रे नि इम्जामा ! कुनै पनि बेला इम्जा फुट्ने खतरा छ भनेर सबै गाउँ छाडेर हिँडे तिमी भने ..... !"

"जिन्दगीभर मिहिनेत गरेर कमाएको पैसा लगानी गरेर होटेल थाप्यो !" अब तँ अन्त जाने कुरा नागर ए निमा !" जग्मु अलि झोंक्किए ।

"इम्जा फुट्यो भने त सोहोर्छ त्यसले तिम्रो होटेल !" निमाले चिन्तित हुँदै भनिन् ।

केही बर्ष अघिसम्म जोरसल्ले र खुम्बुका अरू गाउँमा न ताल फुट्ने डर थियो न त बाढीले बगाउने । हिमालको काखको बस्ती, हिमालबाट बगेको हिमनदीको छेउछाउ हरियाली नै हरियाली थियो । दूधकोशीको पानी दूधजस्तै स्वच्छ बगिरहन्थ्यो । बिहान उठ्ने बित्तिकै हिमाल हेरेर मुस्कुराउँदै हुर्केका थिए पासाङ । कुनै चिन्ता थिएन उनलाई ।

पासाङका बाबु जग्मु हिमाल हेर्न आउने पर्यटकका भारी बोक्थे र उनीहरूसँगै सगरमाथा चढ्थे । चारपटकसम्म चढेका थिए सगरमाथामा उनले । पर्यटकका भारी बोकेरै प्रशस्त

आम्दानी गरेका थिए । जग्मुको साहस देखेर नै मन पराएकी थिइन् निमाले । आफ्नो छिमेकी गाउँ पाङ्गबुचेकी निमालाई भगाएर ल्याएका थिए जग्मुले । दूधकोशीको किनारमा रहेको सानो बस्ती र त्यही बस्तीमा टिनले छाएको सानो घर जहाँ पासाङको परिवार बस्थ्यो । जग्मु, निमा र पासाङ तीन जनाको सानो सुखी अनि खुसी परिवार थियो ।

सोलुखुम्बु क्षेत्रमा पर्ने इम्जा तालको पानी दिन प्रति दिन बढ्दै गैरहेको कुरा विभिन्न तथ्याङ्कले बताइरहेको थियो । वायुमण्डलको तापक्रम वृद्धि भएर जलवायुमा परिवर्तन भइरहेको थियो । हिमतालहरू पग्लिरहेका थिए । पानी बढेर हिमताल विस्फोटन हुने खतरा बढिरहेको थियो । समयसमयमा यस्ता तालहरू विस्फोटन पनि भैरहेका खबरले गाउँले त्रसित थिए ।

'कतिबेला इम्जा फुटेर बाढीले सोहोर्ने हो !' भन्ने डरले पासाङकी आमा पनि राति सुत्न सकेकी थिइनन् । इम्जा ताल फुट्ने हल्लाले उनी बेला बेला झस्किरहन्थिन् ।

"कत्ति चिन्ता गर्छौ निमा । आफू सुत्दैन अरूलाई पनि सुत्न दिँदैन । चुपलागेर सुत । भोलि पर्यटक लिएर हिमालतिर जानु छ ।" जग्मुले भनेपछि निद्रा नलागे पनि सबै चुपचाप पल्टिए । पासाङ कतिबेला निदाएछ ।

बिहान डाँफे र मुनालका आवाजले पासाङलाई ब्यूँझायो । उनले यताउता हेरे । उनका बाबु पर्यटक लिएर गइसकेका थिए । आमा होटेलको काममा लागिसकेकी थिइन् । स्कुल बिदा भएकोले पासाङ चौंरी लिएर निस्के । चौंरीलाई खर्कतिर लाइदिएर उनी नोर्बुलाई भेट्न पुलतिर हिँडे ।

त्यहाँ पुग्दा नोर्बु आइसकेका थिए । नोर्बुले मलिन अनुहार लगाएर भने, "आऊ, बसौँ एकै छिन !" दुवै नदी किनारको दुइवटा ढुँगामा बसे ।

"अब कैले भेट हुने हो ? यो गाउँ, साथीसङ्गी छाडेर जाने मन त कस्लाई थियो र तर...."

"तर... के नि ? तिमीलाई आफ्नो साथीभाइको माया लागेन र त जान लाग्यौ नि चटक्कै माया मारेर ! " पासाङले भने । उनको आँखामा आँसु टल्पलाएको नोर्बुले देखे ।

"त्यस्तो नभन न पासाङ्ग हाम्रो माया दूधकोशीको पानीजस्तै चोखो छ । हामी टाढा भए पनि हाम्रो मायाले हामीलाई सधैँ नजिक बनाइराख्छ बुझ्यौ ! हामी कहिल्यै टाढा हुनेछैनौँ । एक दिन फेरि अवश्य भेट्ने छौँ । "

"त्यस्तो भैदिए त....! छुट्टिनु पर्ने थिएन हामीलाई !" पासाङ हिमातिर हेरेर भने । हिमाल आफ्नै लयमा मुस्कुराइरहेको थियो । एकजोडी डाँफे आकाशमा कावा खाइरहेको थियो । चिबे चरो खोलाको पानीमा डुबुल्की मारेर उड्यो । दूधकोशी एकतमासले सुस्साइरहेको थियो । चिसो सिरेटोले उसको जिउका अन्तरकुन्तर छोएर गयो । उसलाई कस्तो कस्तो अनौठो लाग्यो ।

“ए, पासाङ ! पासाङ , हेर त यो दूधकोशीको पानीको रङ बदलिएको ! सेतो पानी कसरी मैलो भएर आयो हेर हेर ! ” नोर्बुले पासाङलाई झक्झक्याउँदै भने ।

दुवै जनाले अचम्म मान्दै खोलातिर हेरे । अचानक सेतो पानी मैलो, खैरो भएको देखेपछि उनीहरू आत्तिए । यो कुरा सुनाउन दुवै जना घरतिर दौडिए ।

गाउँभरि खैलाबैला मच्चियो । सबै त्रसित भए । खुम्बु क्षेत्रमा धेरै हिमताल छन् । लौ कुन ताल फुट्यो भनेर मानिसहरू डराए । एक अर्कालाई बचाउन उनीहरू चिच्याउन थाले ।

“बाढी आयो । हेर हेर ! ताल फुट्यो जस्तो छ ! अब भाग्नुपर्छ ।” कर्मा ग्याल्जेन काकाले भने । कर्मा त्यस गाउँका बुढापाकामध्येमा थिए ।

बुढाबुढी, बालबालिका र गर्भवती महिला बढी आत्तिन थाले ।

“बा, आमा, दिदी तपाईंहरू नआत्तिनुहोस् । अब हामी सबै सुरक्षित स्थानतिर लाग्नु पर्छ । हामी यहाँबाट हिँडिहालौं,” स्थानीय युवा क्लबका फुटी दावाले भने ।

स्कुलकी मेडम ठूल्छिम र आङ्ग दावा पनि आइपुगे । उनीहरू गाउँमा विपद् आइलाग्दा उद्धार कार्यमा सक्रिय भएर लाग्थे ।



"हामी कोही पनि नआत्तिऊँ । यो इम्जा ताल फुटेको होइन । कुनै सानो ताल फुटेको पनि हुन सक्छ । तर हामी सुरक्षित ठाउँमा गएर बस्नु पर्छ । जाऊँ हिँडौं !" ठूल्छिमले सबैसँग आग्रह गरिन् । स्कुलकी मिस भए पनि उनी सामाजिक कार्यकर्ता पनि थिइन् । उनले आत्तिएकाहरूलाई सम्झाउँदै थिइन् ।

पासाङकी आमा निमा, नोर्बुकी आमा फुकीमाया दगुर्दै तलतिर दौडिए ।

तलतिर दौडिरहेका आमाहरूलाई देखेर माथितिर आउँदै गरेको एकजना विदेशी पर्यटकले भने, "नट डाउनसाइड ! रन टु अप एण्ड सेफ साइड !" उसले आफ्नो पिठिउँमा बडेमानको झोला बोकेको थियो । सबै गाउँले र विदेशी पर्यटक पनि गाउँको माथिल्लो भागतिर लागे ।

आङ्ग दावाको हातमा सेलफोन थियो । उनले ताल फुटेको हो कि होइन भनी जानकारी लिने कोसिस गरिरहेका थिए । तर फोनमा सम्पर्क हुन सकेको थिएन ।

माथि पुगेर हेर्दा दूधकोशीको पानीको सतह बढेन । सबैले त्यहीँ रात बिताए ।

भोलिपल्ट बिहान आङ्ग दावाले भने, "इम्जा ताल फुटेको छैन तपाईंहरू ढुक्क हुनुहोस् !"

"त्यसोभए यो बाढी कहाँबाट कसरी आयो त दावा दाइ ?" नोर्बु र पासाङले एकैसाथ सोधे ।

यो त ल्होत्से हिमालको नजिकै रहेको सानो छुकुङ ताल फुटेर आएको बाढी रहेछ । यसले केही गर्दैन अब घर फर्के हुन्छ !"



"के थाहा कुन बेला इम्जा फुट्ने हो ? यस्तो डरले बस्नु भन्दा बरु अन्तै बस्नु बेस !" पासाङकी आमा निमा अझै डराएकी थिइन् ।

"दिदी, इम्जा ताल अब फुट्दैन," स्कुलकी मेडम ठूल्छिमले निमालाई विश्वास दिलाउन खोजिन् । "नडराउनुस् अब !"

"किन नडराउने ? त्यसले 'म फुट्दैछु तिमीहरू भाग !' भनेर भन्दैन क्यारे !"

"इम्जा जुनसुकै बेला पनि फुट्नसक्ने खतरा भएकोले सरकारले त्यहाँको पानी बिस्तारै बाहिर पठाउने व्यवस्था गरेको छ । अहिले इम्जाको पानीको सतह धेरै घटिसकेको छ । अब इम्जा फुट्ने डर छैन," ठूल्छिमले भनिन् ।

सबैले ठूल्छिमका कुरा ध्यान दिएर सुनिरहेका थिए । उनले भनिन्, "केही गरी तालको पानीको सतह बढ्यो भने त्यसको पनि जानकारी दिने व्यवस्था गरेको छ । ताल फुट्यो भने साइरन बज्छ । साइरन बजेपछि हामी सुरक्षित स्थानतर्फ लाग्न सक्छौँ ।"

"हो, सबैले यो कुरा थाहा पाइराखौँ । इम्जा फुट्यो भने हाम्रा नदी किनारका बस्तीहरू जोरसल्ले, छुकुङ, दिङबोचे, पाङबोचे, छुमावा फाक्दिङ, घाट जस्ता थुप्रै गाउँहरू खतरामा पर्छन् । त्यसैले इम्जा तालको पानीलाई कम्तीमा ३ मिटरले घटाउने उपाय र बाढी आएमा कसरी बच्ने भनेर हामीले तालिम लिएका थियौँ । म, ऊ त्यो फुटीदावा र ठूल्छिमले छ महिना लगाएर तालिम लिएका थियौँ । इम्जामा ठूलो बाँध पनि बनिसकेको छ । तालको पानी फाल्न टनेल पनि बनाएको छ । नपत्याए हेर्नुहोस् यी !" आङ्ग दावाले भने । उनले आफ्नो क्यामेरामा भएका फोटा देखाए । सबै फोटा हेर्न झुम्मिए । कोही अलि ढुक्क भए ।

"नोर्बु अब त तँ गाउँ छाडेर जाँदैनस् होला नि ?" पासाङले खुसी हुँदै भने, "लौ आइज यही खुसीमा एउटा जोक गरौँ !"

दुवैले कानेखुसी गरे ।

"लौ अब फर्किऊँ सबै घरतिर !" कर्मा ग्याल्जेन काकाले सबैलाई घरतिर लाग्न भन्दै थिए ।

गाउँले सबै घर फर्कन लागे । कोही अलि तल झरिसकेका थिए । अचानक सिठीको चर्को स्वर सुनियो ।

कसैले भन्यो, "लौ साइरन बज्यो ।"

अचानक सबै सतर्क भए । तलतिर लागेका माथितिर दौडिन थाले ।

नोर्बु र पासाङ भने पेट मिचिमिचि हाँस्न थाले ।

"केही भएको छैन । डराउनु पर्दैन । हामीले सिठी बजाएको नडराउनुहोस् । हामी सुरक्षित छौँ । साइरन बजे कसरी भाग्ने भनेर प्राक्टिस गरेको हो ! हा हा हा ! हा हा हा !"

# परिशिष्ट १ : पृथ्वीका संसाधन र तिनको संरक्षण

पृथ्वी मानिस, जनावर, चरा, रुखबिरुवा, कीरा फट्याङ्ग्रा, माछा, भ्यागुता सबै प्राणीको साझा घर हो । यहाँ पाइने घाम, हावा, पानी, माटो, वनजङ्गल, रुखबिरुवा हामीले उपयोग गर्छौं । हावा भएन भने कुनै पनि प्राणी बाँच्न सक्तैन । सबै प्राणीको शरीर पानीले बनेको छ । घाम भएन भने वनस्पतिले भोजन बनाउन सक्तैन । वनस्पति भएन भने अरू जनावर र मानिस पनि बाँच्न सक्तैन ।

हामीलाई सास फेर्न हावा चाहिन्छ । पिउन र विभिन्न काममा पानी चाहिन्छ । पेट भर्न, खानका लागि बोट, बिरुवा, वनस्पति चाहिन्छ । खेतीपाती गर्न, अन्न, फलफूल, तरकारी उमार्न माटो चाहिन्छ । कलकारखाना, जहाज, मोटर चलाउनका लागि कोइला, पेट्रोल, ग्यास चाहिन्छ । घाम, हावा, पानी, माटो, ढुङ्गा, रुख बिरुवा र जीवजन्तु तथा जमिनमुनि खानीबाट निस्कने तेल, कोइला, धातु तथा विभिन्न पदार्थ सबै पृथ्वीका संसाधन (Resources) हुन् । हामी सबै जन्मन, हुर्कन, बाँच्न र आफ्नो वंशलाई अगाडि बढाउन पृथ्वीका संसाधनमाथि निर्भर छौं ।

हामीलाई विभिन्न काम गर्नका लागि ऊर्जा (Energy) चाहिन्छ । हाम्रो शरीरले भोजन, हावा र घामबाट ऊर्जा पाउँछ । घरभित्र र बाहिर प्रयोग हुने यन्त्र, उपकरणहरू चलाउन ताप, बिजुली आदि ऊर्जा चाहिन्छ । सूर्यको प्रकाश, खोलाको पानी, बतास तथा जैविक वस्तुहरूबाट ऊर्जा प्राप्त हुन्छ । जमिनमुनिबाट निस्कने कोइला, तेल पनि ऊर्जाका मुख्य स्रोत हुन् । घाम, पानी, बतास र जैविक वस्तु कहिल्यै नसकिने, नरित्तिने स्रोत हुन् भने कोइला, तेल आदि रित्तिने स्रोत हुन् ।

घाम, पानी, बतास र जैविक वस्तुको प्रयोग गर्दा वातावरण बिग्रन्न । तर कोइला, ग्यास, पेट्रोल, डिजेल आदि प्रयोग गर्दा कार्बन डाइअक्साइड ग्यास निस्कन्छ । यो ग्यास मानव स्वास्थ्यका लागि हानिकारक ग्यास हो । यो ग्यास वायुमण्डलमा मिसिएपछि वायुमण्डलको माथिल्लो पत्र बाक्लो हुन्छ र पृथ्वीले सिरक ओढेझैँ हुन्छ । अनि वायुमण्डल तातो हुन्छ । यसलाई ग्लोबल वार्मिङ भनिन्छ ।

ग्लोबल वार्मिङले हिउँ पग्लन्छ, पानीका मूल सुक्छन्, समुद्रको पानीको सतह बढ्छ, कुबेलामा पानी पर्छ, जाडो ठाउँमा गर्मी हुन्छ । यसरी पृथ्वीको जलवायुमा परिवर्तन हुन्छ । जलवायु परिवर्तन भयो भने खाद्यान्न, फलफूल, तरकारी उत्पादनमा असर पर्छ । बाढी, पहिरो आउँछ । मानिसको बस्ती खल्बलिन्छ । जलवायु परिवर्तनले मानिसको मात्रै हैन अरू जीवजन्तु र वनस्पतिको अस्तित्वमा पनि खतरामा पर्छ ।

जलवायु परिवर्तन हुन नदिन र पृथ्वीको वातावरण जोगाउनका लागि पृथ्वीका संसाधनहरू फारो गरी प्रयोग गर्नुपर्छ । घाम, पानी, बतास र जैविक वस्तुजस्ता नरित्तिने स्रोतबाट ऊर्जा प्राप्त गर्नुपर्छ । रित्तिने र कार्बन डाइअक्साइड निकाल्ने स्रोतको प्रयोग घटाउनु पर्छ । रुख बिरुवाले कार्बन डाइअक्साइड लिएर अक्सिजन दिन्छ । यसैले रुख बिरुवा रोप्नु र वनजङ्गल हुर्काउनु वातावरण जोगाउनका लागि हरेक व्यक्तिले गर्न सक्ने सबैभन्दा उपयोगी काम हो ।

हामीले बिहान उठेदेखि साँझ नसुतेसम्म विभिन्न प्रकारका काम गर्छौं । हाम्रा कामहरू, जस्तै : खाना पकाउँदा, लुगा धुँदा, भाँडा माझ्दा, जाँदा आउँदा, विभिन्न प्रकारका कामले वातावरणलाई प्रदूषित गरिरहेको हुन्छ ।

हामीले वातावरणमा दुई प्रकारका फोहोर फालिरहेका हुन्छौं – कुहिने (Bio-degradable) र नकुहिने (Non bio-degradable) फोहोर । तरकारी, फलफूलजस्ता वनस्पतिबाट निस्कने फोहोर कुहिन्छन् र मल बन्छ । तर प्लास्टिक, सिसा, टिन, अल्मुनियमका सामान कुहिन्नन् । यस्ता वस्तुले माटो र पानीलाई दूषित बनाउँछ । ती वस्तु खिइएर निस्कने रासायनिक पदार्थ विषालु हुन्छ र जीवजन्तु र मानिसलाई हानि गर्छ ।

कुहिएर नजाने यस्ता फोहोरलाई हामीले तीन तरिकाले तह लगाउन सक्छौं । यसलाई अङ्ग्रेजीमा तीन आर (3R) भनिन्छ । यसको अर्थ हो : रिड्युस (Reduce), रियुज (Reuse) र रिसाइकल (Recycle) ।

रिड्युसको मतलब हो सजिलोसँग नकुहिने सामानको प्रयोग घटाउने । प्लास्टिक, टिन, अल्मुनियम, सिसाका सामान, भाँडाकुँडाको प्रयोग घटाउने । सधैं प्रयोग गर्ने भाँडाकुँडा जस्तै : कप, ग्लास, प्लेट, थाल, कटौरा आदि सामान धातुका र धेरै खप्ने किन्न सक्छौं । किनमेल गर्नको लागि प्लास्टिकको झोलाको सट्टा सपिङ ब्याग वा बलियो थैला, झोला प्रयोग गर्न सक्छौं । हामीलाई कुनै सामान थोरै समयको लागि चाहिएको हो भने त्यो सामान सापटी लिएर काम चलाउन सक्छौं । कारमा जानुको सट्टा हामी सार्वजनिक बसमा जान सक्छौं । कसैसँग लिफ्ट मागेर जान सक्छौं वा हिँड्न पनि सक्छौं ।

रियुजको मतलब हो कुनै सामान फेरि प्रयोग वा पुनः प्रयोग गर्नु । प्लास्टिकका क्यान, जार, कागतका बाकस, कार्टुन र सिसाका भाँडाहरू पटक पटक प्रयोग गर्न सक्नुहुन्छ । तिनमा खेलौना, लुगा, बोतल आदि विभिन्न कुरा राख्न सकिन्छ । प्लास्टिक ब्यागमा खानेकुरा राख्नुको सट्टा लञ्चबक्समा राख्न सक्नु हुन्छ । तपाईंसँग कुनै कुरा धेरै छ, कुनै किताब, खेलौना, लुगा, भाँडा बढी छ वा त्यसलाई प्रयोग गर्न मन लागेन भने अरूलाई दिन सक्नुहुन्छ ।

रिसाइकलको मतलब हो एउटा सामानबाट अर्को सामान बनाउनु । प्रयोग भइसकेका सामानलाई गलाएर वा अन्य तरिकाले नयाँ सामान बनाउनु । जस्तै : पुरानो टिन वा

अल्मुनियमको क्यानबाट नयाँ क्यान बनाउनु । पुराना कागत गलाएर नयाँ कागत बनाउनु । पुराना प्लास्टिकका सामान गलाएर नयाँ सामान, खेलौना आदि बनाउनु ।

कुन फोहोर सामान कुहुन्छ र कुन सामान रिसाइकल गर्ने हो भन्ने थाहा पाएपछि हामीले ती सामान विभिन्न भाँडामा राख्न सक्छौँ । जस्तै : कुहिने सामान एउटा भाँडामा जम्मा गरेर कम्पोस्ट मल बनाउन सकिन्छ । नकुहिने सामानमध्ये रिसाइकल गर्नका लागि प्लास्टिकका बोतल र झोलाहरू एउटा भाँडामा, सिसाका बोतलहरू अर्को भाँडामा, टिनका भाँडा अर्कोमा, अल्मुनियमका भाँडा अर्कोमा र कागत अर्को भाँडामा जम्मा गर्न सकिन्छ । यसरी जम्मा गरेको सामान बिक्री गर्दा फाइदा पनि हुन्छ ।

वातावरण जोगाउन हामीले अरू पनि विभिन्न काम गर्न सक्छौँ । जस्तै : नुहाउँदा, हातमुख धुँदा पानी कम खर्च गर्ने । धारा खुला नछाड्ने । वर्षाको पानी जम्मा गर्ने ।

भान्छामा जम्मा हुने कुहिएर जाने फोहोरबाट कम्पोस्ट मल बनाउने ।

कागतको दुवैतिर लेख्ने र कागतको प्रयोग कम गर्ने ।

नचाहिने बेलामा बत्ती निभाउने । रेडियो, टेलिभिजन, कम्प्युटर नचलाएको बेलामा बिजुली बन्द गर्ने ।

यातायातका साधनमा सकेसम्म साइकल चढ्ने । बिजुलीले चल्ने मोटरसाइकल, कार चढ्ने । कारको सट्टा सार्वजनिक बस चढ्ने । लिफ्ट माग्ने । स्वास्थ्यको लागि पैदल हिँड्ने ।

सबैभन्दा मुख्य कुरा रुख रोप्ने र वन जोगाउने ।

वातावरण जोगाउनु किन आवश्यक छ र कसरी जोगाउने भन्नेबारेमा साथीहरूसँग छलफल गर्ने र टोलछिमेकमा चेतना जगाउने ।

# परिशिष्ट २ : पारिभाषिक शब्दावली

**बकुल्लाहरुको बसाइँ :**

**फुड प्वाइजनिङ** (Food poisoning) दूषित खानेकुरा खाँदा लाग्ने रोग । ब्याक्टेरिया, भाइरस, परजीवीजस्ता सरुवा सूक्ष्मजीव तथा तिनीहरूले बनाएको विषाक्त पदार्थ खाँदा फुड प्वाइजनिङ हुन्छ ।

**टौदह** काठमाडौं उपत्यकाको कीर्तिपुरमा, दक्षिणकाली जाने बाटोको छेउमा पर्ने प्राकृतिक ताल । नागदह ललितपुरको धापाखेलस्थित प्राकृतिक ताल ।

**पृथ्वीको सिरक :**

**जलवायु परिवर्तन** (Climate change) कुनै ठाउँको औसत तापमान, वर्षा, आर्द्रता अदि मौसमी अवस्थामा हुने अनपेक्षित परिवर्तन । यसको एउटा मुख्य कारण ग्लोबल वार्मिङ अर्थात् पृथ्वीको तापमान वृद्धि हो ।

**ग्लोबल वार्मिङ** (Global Warming) सूर्यको किरण छेक्ने हरितगृह (ग्रीनहाउस) ग्यासहरू धेरै मात्रामा वायुमण्डलमा मिसिनाले पृथ्वीको सतहमाथि भएको तापक्रम वृद्धि ।

**वायुमण्डल** (Atmosphere) पृथ्वीको सतह वा जमिनमाथि हुने हावाको बाहिरी पत्र हो । यसमा नाइट्रोजन, अक्सिजन, हाइड्रोजन, कार्बन डाइअक्साइड र अन्य ग्यास हुन्छन् ।

**ओजोन पत्र** (Ozone layer) पृथ्वीको सतहभन्दा झन्डै १० किलोमिटरमाथि रहेको वायुमण्डलको पातलो तह जाहाँ ओजोन ग्यास सबैभन्दा बढी हुन्छ । यो पत्रले सूर्यबाट पृथ्वीमा आउने अधिकांश अल्ट्राभायलेट विकिरणलाइ सोस्छ ।

**जिज्ञासु विपुल :**

**इकोसिस्टम/पारिस्थितिकी** (Ecosystem) प्रकृतिमा रहेका हरेक वस्तु, वनस्पतिको जीवजन्तु र पशपंछीको जीवनमा विभिन्न भूमिका हुन्छ । जीवित वस्तुहरूको वरिपरिको वस्तु र अवस्थासँगको सम्बन्धलाई पारिस्थितिक प्रणाली वा इकोसिस्टम भनिन्छ । यो प्रणालीमा एउटा वस्तु वा जीवको भूमिका फेरिने बित्तिकै समग्र पारिस्थितिक प्रणालीमा प्रभाव पर्छ । पशुपंछीहरू हावा, भोजन, वासस्थान, सन्तान उत्पादन र मनोरञ्जनका लागि रुख बिरुवामाथि निर्भर हुने हुँदा वनस्पतिबिना बाँच्न सक्तैनन् ।

**शाकाहारी** (Herbivores) खरायो, मृग, बाख्रा, कुखुराजस्ता सागपात, घाँस, वनस्पति खाने जीवजन्तु ।

**मांसाहारी** (Carnivores) बाघ, स्याल, चिलजस्ता माछा, मासु खाने जीवजन्तु ।

**कमलको सङ्कल्प :**

**चुरे पहाड** (Siwalik range) नेपालमा पूर्वदेखि पश्चिमसम्म फैलिएका तीन पर्वत शृङ्खलामध्ये सबैभन्दा दक्षिणतिरको पर्वत शृङ्खला । हिमाल र मध्य पहाडको तुलनामा चुरे पहाड नयाँ र कमजोर छ । यसैले यहाँ पहिरो जाने समस्या धेरै छ । नेपालको करिब १३ प्रतिशत भूभाग चुरे क्षेत्रमा पर्छ ।

**चुरे संरक्षण** चुरे क्षेत्र इलामदेखि कन्चनपुरसम्मका ३६ जिल्लामा फैलिएको छ र नेपालका करिब ५० लाख मानिस यो क्षेत्रमा बस्छन् । यहाँ पानीका धेरै स्रोत छन् र विभिन्न प्रकार का वनस्पति र पशुपंछी बस्छन् । यो क्षेत्रको संरक्षणको लागि नेपाल सरकारले राष्ट्रपति चुरे संरक्षण कार्यक्रम लागू गरेको छ ।

**इम्जाको झस्को :**

**हिमनदी** (Glacier) अग्ला पहाडमा थुप्रिएको हिउँ विस्तारै तलतिर बगेर बनेका सुस्त गतिमा बग्ने नदी । यी नदी दिनमा १५ देखि ६० सेन्टिमिटरसम्म बग्छन् ।

**हिमताल** (Glacial lake) हिमनदी बग्दा खाल्टो बनाउँछ र हिउँ पग्लेर ताल बन्छ । नेपालका ८ हजार मिटरभन्दा माथिका भूभागमा धेरै हिमताल बनेका छन् । ती हिमतालमा पानीको मात्रा धेरै बढेपछि फुटेर तल्लो भेकमा बाढी आउने र विनाश गर्ने सम्भावना हुन्छ ।

**इम्जा हिमताल** यो हिमताल सोलुखुम्बु जिल्लामा पर्छ । यो इम्जा हिमनदी पग्लेर सन् १९६० तिर बनेको हिमताल हो । यसमा लगभग साढे ७ करोड घनलिटर पानी जम्मा भएको थियो र बिस्फोट हुने जोखीम बढिरहेको थियो । २०७३ सालमा नेपाली सेनाले तालको पानी निकालेर जोखीम कम गरेको छ ।

**साइरन** खतराको सङ्केत दिने घन्टी वा सिठी ।

**व्यावहारिक प्रयोग**

१) घर अगाडि वा बार्दलीमा चराहरू बस्ने, खाने, पानी पिउने व्यवस्था गर्ने । चराहरूलाई गुँड बनाउन सजिलो होस् भनेर तरकारी बाँधेर आएको पराल घरबाहिर राखिदिने ।

२) प्लास्टिकको सानो नमूना घर/टनेल बनएर त्यसभित्र गमला वा भाँडामा तरकारी उमार्ने ।

नेपाल सरकार
जल तथा मौसम विज्ञान विभाग
उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय

अतिकम विकसित राष्ट्रहरुको
लागि कोष/विश्व वातावरण कोष

Empowered lives.
Resilient nations.

संयुक्त राष्ट्रसंघीय विकास
कार्यक्रम (युएनडीपी)